# वर्गदृष्टि

Bargadristi Weekly

साप्ताहिक

वर्ष ४ अङ्क २१ पूर्णाङ्क १६६ | २०७६ पुस १४ गते सोमबार | Monday, 30 Dec, 2019 | पृष्ठ ८ | मूल्य रु. १०|-


## अखिल नेपाल किसान महासंघ क्रान्तिकारीद्वारा मुख्यमन्त्री भट्टलाई ज्ञापनपत्र



कैलाली । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल किसन महासंघ क्रान्तिकारीले सुदुरपश्चिम प्रदेश मुख्यमन्त्री त्रिलोचन भट्टलाई ज्ञापनपत्र बुझाएका छन् । अखिल नेपाल किसान महासंघ क्रान्तिकारीले सिमा रक्षाको लागि र किसानले भोग्नु परेका समस्याहरूको बारेमाध्यानाकर्षण *बाँकी ८ पेजमा*

# प्रम ओलीलाई ज्ञापनपत्र बुझाउन गएको देजमोको टोलीमाथि प्रहरी दमन, नेताहरू सीपी गजुरेल, परि थापा लगायत १५ जना गिरफ्तार, दर्जनौं घाइते



सीमा रक्षाका लागि प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाउन जाँदा देजमामाथि प्रहरी यसरी उत्रियो दमनमा

काठमाडौं । लिम्पियाधुरा, लिपुलेक, कालापानी लगायत भारतीय विस्तारवादद्वारा अतिक्रिमित भूमि फिर्ताको माग गर्दै देशव्यापी रूपमा आन्दोलन उठान गर्दै आएको नेकपा (क्रान्तिकारी माओवादी) सम्बद्ध देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका विरुद्ध राज्य निर्मम दमनमा उत्रिएको छ ।

राष्ट्रिय स्वाधीनताको विषयमा प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापन पत्र बुझाउन माइतीघर मण्डलाबाट नाराजुलुससहित सिंहदरबार जाने क्रममा निषेधित क्षेत्र नपुग्दै धोवीखोला नजिक भाटभटेनी अगाडि प्रहरीले अन्धाधुन्ध लाठी चार्ज गरी दमनमा उत्रियो ।

लाठिचार्जबाट नेताहरू दिनेश शर्मा, पवनमान श्रेष्ठ, सुरेश श्रेष्ठ, सुनिता बुढाथोकी, शारदा महतलगायत दर्जनौं नेताहरू घाइते हुन पुगे भने नेताहरू सीपी गजुरेल, परि थापा, पवनमान श्रेष्ठ, सुरेश श्रेष्ठ, दिपक बहादुर शाही, फुरनाम्गेल, वसन्त बोगटी, खगेन्द्र छन्त्याल, पदम भण्डारी, ढोग प्रसाद अधिकारी, मीन गिरी, सुन्दर श्रेष्ठ, नरेन्द्र कार्की, अमित योञ्जनलगायत दर्जनौंलाई गिरफ्तार गरियो ।

## फासिवादी दमनको क्रान्तिकारी माओवादीले गऱ्यो कडा विरोध

*'यो देशभक्त नेपालीहरूका लागि अति संवेदनशील तथा दुर्भाग्यपूर्ण परिघटना हो'*



काठमाडौं । प्रधानमन्त्री केपी ओलीको पूर्व स्वीकृतिमै ज्ञापन पत्र बुझाउन गएको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको टोलीमाथि भएको फासिवादी दमन, लाठि चार्ज र गिरफ्तारीको नेकपा (क्रान्तिकारी माओवादी)ले वक्तव्य निकालेर कडा विरोध एवम् भर्त्सना गरेको छ । पार्टी महासचिव मोहन वैद्य'किरण'ले वक्तव्य *बाँकी ८ पेजमा*

## माओ दिवसमा क्रान्तिकारी माओवादीद्वारा वक्तव्य जारी

# 'कुनै पनि कम्युनिस्ट पार्टी माओवादी नबनी सच्चा क्रान्तिकारी बन्नै सक्तैन'

*'सच्चा माओवादीहरूले संशोधनवादलाई नांगेझार नपारी विश्व सर्वहारा क्रान्तिको विकास असम्भव*

**विज्ञप्तिको पूर्णपाठ पृष्ठ ४ मा**



१२७ औं माओ दिवसको अवसरमा नेकपा (क्रान्तिकारी माओवादी)ले सार्वजनिक वक्तव्य जारी गरेको छ । पार्टीका महासचिव मोहन वैद्य'किरण'ले बिहीबार एक वक्तव्य जारी गरी सच्चा माओवादीहरूले संशोधनवादलाई नांगेझार नपारी विश्व *बाँकी पृष्ठ ४ मा*

**अमेरिकी दूतावासले भन्यो**

# 'एमसीसी इन्डो-प्यासिफिक रणनीतिकै अङ्ग हो'



काठमाडौं । सत्तारुढ डबल नेकपाका नेताहरूले एमसीसी (मिलेनियम च्यालेन्ज कर्पोरेसन) र इन्डो प्यासिफिक मिलिटरी मिसन एकै नभएको र विशुद्ध आर्थिक परियोजना भएको दाबी गरिरहेको बेला *बाँकी ६ पेजमा*

# क्रान्तिकारी माओवादी ३ नं. प्रदेशद्वारा आयोजित माओदिवस समारोह भव्य रूपमा सम्पन्न



● **अनु निरौला/अमीट योञ्जन**

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) ३ नं. प्रदेशले आयोजना गरेको १२७ औं माओदिवस समारोह भव्य रूपमा सम्पन्न भएको छ । समारोहलाई पार्टीका स्थायी समिति सदस्य तथा प्रवक्ता हरिभक्त कँडेलले प्रमुख अतिथिको रूपमा सम्बोधन गर्नु भएको थियो । उहाँले माओले मार्क्सवादका तीन संघटक अंग दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादको क्षेत्रमा गरेका महत्वपूर्ण योगदानको विषयमा चर्चा गर्नुभएको थियो । उहाँले संशोधनवादी र अवसरवादीका विरुद्धको संघर्षमा श्रेष्ठता कायम नगरी क्रान्तिलाई विजयसम्म पुऱ्याउन नसकिने चर्चा गर्दै क्रान्तिका लागि वस्तुगत परिस्थितिको अनुकूलताको अनुपातमा आत्मगत स्थिति सुदृढ पार्न ध्यान दिनुपर्ने कुरामा जोड दिनु भयो ।

पार्टीका प्रदेश सचिव प्रवेशको अध्यक्षतामा सम्पन्न समारोहमा पार्टी पीवीएम सागरले अर्धसामन्ती र अर्धऔपनिवेशिक मुलुकमा नयाँ जनवादी क्रान्तिका लागि छापामार युद्ध, गाउँले सहर घेर्ने, स्थानीय आधार इलाका निर्माण गर्दै केन्द्रीय सत्ता कब्जा गर्ने फौजी रणनीतिको विकास गरेको चर्चा गर्दै दशवर्षे नेपालको जनयुद्धमा त्यसको सान्दार *बाँकी ६ पेजमा*

# मुख्यमन्त्रीले भने- 'सीमा समस्या अन्तर्राष्ट्रियकरण गर्छौं'



पोखरा । गण्डकी प्रदेशका मुख्य मन्त्री पृथ्वी सुब्बा गुरुङले सीमा समस्या कुटनीतिक रूपमा पहल नभएर अन्तराष्ट्रिय करण गर्ने बताएका छन् । विहीबार देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल प्रदेश नं. ४ ले सिमा रक्षा र राष्ट्रिय स्वाधिनताको रक्षाको माग गर्दै बुझाइएको ज्ञापन पत्र बुझ्दै उनले यस्तो बताएका हुन् ।

मुख्य मन्त्री गुरुङले ज्ञापन पत्र बुझ्दै भने - हाम्रो पार्टी र सरकारले भारत सरकारसँग अतिक्रमित भूमि फिर्ता र भारतीय सुरक्षाकर्मी फिर्ताका लागि पहल गरेको छ । अहिलेसम्म कुनै पनि सरकारले नगरेको काम भारत सरकारलाई नोट पठाउने काम गरेको छ । अब कुटनितिक पहलबाट समस्या हल नभएर हाम्रो पार्टीले यस मुद्दालाई अन्तराष्ट्रिय करण गर्छ । ज्ञापन पत्रको बारेमा नेकपा क्रान्तिकारी माओवादीका पोलिटव्युरो सदस्य एवम् प्रदेश इन्चार्ज अटलले व्याख्या गरेका थिए भने देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका प्रदेश अध्यक्ष नेत्र रानाभाटले ज्ञापन पत्र पढेर मुख्यमन्त्रीलाई बुझाएका थिए । ज्ञापन पत्रमा भारतीय पक्षले अतिक्रमण गरेको नेपाली भूमि कालापानी, लिपुलेक, लिम्पुयाधुरा, सुस्ता लगायतका भूमि कुटनितिक पहल गरेर फिर्ता गर्नु पर्ने र त्यसो नगरे कडा संघर्षमा उत्रिने चेतावदी दिइएको छ । *बाँकी ८ पेजमा*

# सीमा रक्षाका लागि कैलालीको अत्तरियामा बिरोध सभा सम्पन्न



● **धनञ्जय अवस्थी**

कैलाली । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल किसन महासंघ क्रान्तिकारीले सुदुरपश्चिम प्रदेशले कैलालीको अत्तरियामा बिरोध सभा सभा गरेको छ । दार्चुलाको कालापानी लिपुलेक लिम्पीयाधुरा लगायत अतिक्रमित भुमी फिर्ता गर ,राष्ट्रिय स्वाधिनताको रक्षाको रक्षा गर्रौ भन्ने नाराबाजी गर्दै कैलालीको अत्तरियामा भव्य रूपमा बिरोध सभा सम्पन्न गरिएको छ ।

भारतले दार्चुलाको कालापानी लिपुलेक लिम्पीयाधुरा लगायत अतिक्रमित भुमि हस्तक्षेप गरेको बिरोधमा अखिल नेपाल किसान महासंघ क्रान्तिकारी सुदुरपश्चिम प्रदेशले बिरोध सभा गरेको प्रदेश संयोजक टंक कोइरालाले जानकारी दिनुभयो । सभाको सम्बोधन *बाँकी ८ पेजमा*

# अन्तर्राष्ट्रिय भूमिकामा देशभक्त जनगणतान्त्रिक मोर्चा

***संसारका ४० भन्दा बढी पार्टीहरु यसमा समावेश छन् । यो साम्राज्यवाद विरोधी खुला र खुकुलो प्रकारको संगठन हो । यसमा मार्क्सवाद–लेनिनवाद–माओवादलाई मार्गदर्शक सिद्धान्त मान्ने देखि लिएर सामान्य साम्राज्यवाद विरोधी संगठनहरु पनि सामेल छन् । यो संगठनको माध्यमबाट हामी साम्राज्यवाद र विस्तारवादका नेपाल माथि भएका र हुने गरेका हस्तक्षेप र अतिक्रमणका विरूद्ध अन्तर्राष्ट्रिय रुपमा आवाज उठाउन सक्दछौं । हाम्रा विचार र समस्याहरु अन्तर्राष्ट्रियकरण गर्नका निमित्त यो एउटा राम्रो माध्यम हो । त्यसैले यसलाई दे ज मो ले एउटा थप उपलब्धिका रुपमा लिएको छ***



● सी पी गजुरेल ●

यो पश्चगामी व्यवस्थाको संसद देखि स्थानीय सम्मका तीनै तहका निर्वाचनलाई उपयोग गर्ने संदर्भमा नेपालको राजनीतिमा केही चर्चामा आएको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल अहिले सम्म आइपुग्दा नेपाली समाजको अग्रगामी परिवर्तनको निमित्त संघर्षरत एउटा क्रान्तिकारी शक्तिका रूपमा परिचित भएको छ । मुख्य दुईवटा प्रतिकृयावादी पार्टीलाई स्थापित गराएर एउटालाई सत्तामा र अर्कोलाई प्रतिपक्षमा राख्ने, सत्तामा बसेको पार्टी जनताका वीचमा बढी नांगिए पछि अर्कोलाई विकल्पका रूपमा अघि सार्ने र त्यो पनि सत्तामा गएपछि त्यसैगरी नांगिने र त्यसको विकल्पमा फेरी त्यही पहिले नांगिएको पार्टीलाई अघि सार्ने संसदीय व्यवस्थाको नीति रहँदै आएको छ । हरेक चार पाँच वर्षमा चुनाव गराइरहने र यो चक्रलाई घुमाइरहने । यसैलाई प्रतिकृयावादीहरू "स्थिरता" र "स्थायीत्व"को संज्ञा दिने गर्दछन् । नेपालमा निर्वाचनको समयमा दर्ता भएका झण्डै १२० दलहरू मध्ये यतिखेर आधा दर्जन जति पार्टीहरू मात्र बाँकिरहेका छन् । थ्रेस होल्डको व्यवस्थाले अरु सबैलाई खाइदिएको छ ।

संसदीय होइन क्रान्तिकारी पहिचान भएको एउटा पार्टीका रूपमा कृयाशील रहने र त्यसैरूपमा स्थापित हुने हाम्रो प्रयास हो । त्यसै रूपमा परिचित हुनु र उभिइरहन सक्नु पनि एक *बाँकी ७ पेजमा*

## सम्पादकीय

# देशभक्त क्रान्तिकारीमाथि फासिवादी दमन

लिम्प्याधुरा, लिपुलेक, कालापानी, सुस्ता लगायत देशैभर भारतीय विस्तारवादद्वारा अतिक्रमित भूमि फिर्तालगायत नेपालको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको रक्षाका निम्ति निरन्तर देशव्यापी रूपमा आन्दोलन सञ्चालन गर्दै आएको नेकपा (क्रान्तिकारी माओवादी) सम्बद्ध देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका नेता कार्यकर्तामाथि राज्य फासिवादी दमनमा उत्रिएको छ। आइतबार प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाउन गएको मोर्चामाथि दमन गरेर राज्य प्रशासनले मोर्चाका अध्यक्ष सीपी गजुरेल, परि थापा लगायत १५ जना नेता कार्यकर्तालाई गिरफ्तार गऱ्यो भने नेताहरू दिनेश शर्मा, सुरेश श्रेष्ठ लगायत दर्जनौं नेता कार्यकर्ता घाइते भए। राज्य प्रशासनले गरेको फासिवादी दमन, लाठी चार्ज र गिरफ्तारी खेदजनक र निन्दनीय छ। त्यसमा पनि पूर्व स्वीकृति र समय लिएर ज्ञापन पत्र बुझाउन जाँदा यसरी दमन गरिनुले राज्यका शासकहरू कति अनैतिक, निर्दयी र फासिवादी छन् भन्ने कुरा यो घटनाले पुष्टि गरेको छ।

यति मात्र होइन देशव्यापी रूपमा भारतीय विस्तारवादका विरुद्ध आन्दोलन उठिरहेको, अतिक्रमित भूमि फिर्ताको लागि आवाज उठिरहेको र राज्यलाई कुटनीतिक पहलमार्फत् तत्काल भारतीय शासकसँग वार्ता गरी कालापानीबाट भारतीय सेना हटाउन जनदबाब बढिरहेको सन्दर्भमा सरकार देशभक्त क्रान्तिकारीहरूका विरुद्ध नै यसरी फासिवादी दमनमा उत्रिएर आफ्नो वास्तविक चरित्र उदाङ्गो पार्न पुगेको छ। यस घटनाको सबै सच्चा देशभक्त र क्रान्तिकारीहरूले चौतर्फी रूपमा विरोध गरिरहेका छन्।

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले पछिल्ला दिनमा राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई व्यवस्थित रूपमा उठाउने योजनामा जुटिरहेको छ। वृहत राष्ट्रिय राजनीतिक आन्दोलन उठान गर्नका लागि उसले अन्य राजनीतिक पार्टी तथा नागरिक समाजसँग पनि निरन्तर छलफल र अन्तरक्रिया गर्दै आएको छ। यो मोर्चाले भारतीय विस्तारवादी हस्तक्षेपको मात्र कुरा उठाएको छैन अमेरिकी साम्राज्यवादले नेपालमाथि बढाउँदै लगेको हस्तक्षेपको पनि सार्वजनिक रूपमा विरोध एवम् भण्डाफोर गर्दै आएको छ। यो मोर्चाले चीनलाई घेर्ने र कमजोर पार्ने रणनीतिकसहितको इन्डो प्यासिफिसक रणनीतिक अन्तर्गतको एमसीसी (मिलेनियम च्यालेन्ज कम्प्याक्ट)को विरोध गर्दै आएको छ र संसदबाट यो पास गर्नै नहुने आवाज उठाउँदै आएको छ। शुक्रबार मात्र यो मोर्चाका अध्यक्ष सीपी गजुरेलले एमसीसी सदनबाट पास गरिए नेपाल रणभूमिमा परिणत हुने र नेपालको सार्वभौमिकता गम्भीर खतरामा पर्ने विचार व्यक्त गरेका थिए।

यो मोर्चाले अगाडि सारेको राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई निस्तेज पार्ने योजना अनुसार राज्य मोर्चाका विरुद्ध दमनमा उत्रिएको हुन सक्ने राजनीतिक विश्लेषकहरूले टिप्पणी गरेका छन्। तर दमनले राष्ट्रिय राष्ट्रिय स्वाधीनताको आन्दोलन रोकिने होइन अझ ज्वारभाटाको रूपमा विस्फोट बन्दै उठ्न सक्छ। भारतीय विस्तारवादको दलाल भएको आरोप लागिरहेको सरकारमा आसीन शासकहरूको यो दमनले उनीहरूको चरित्रलाई एकपटक फेरि उदाङ्गो र स्पष्ट पारेको छ। यो दमनको जति भर्त्सना गरे पनि कमै हुन्छ।

देशभक्त क्रान्तिकारी शक्तिलाई कमजोर पारेर मात्र आफ्नो साम्राज्यवादी तथा विस्तारवादी शक्तिको दलाली गर्न सकिने र राष्ट्रघाती तथा जनाघाती हर्कतहरूबाट बच्न सकिने विश्लेषणसहित मोर्चाका विरुद्ध राज्य फासिवादी दमनमा उत्रिएको मोर्चाका नेताहरूले बताएका छन्। जे होस् आफूलाई कम्युनिस्ट, वामपन्थी र राष्ट्रवादी समेत दावी गर्दै आएको ओली सरकारको वास्तविक चरित्र उदाङ्गो भएको छ यस घटनाबाट।

यो दमनबाट देशभक्त क्रान्तिकारी शक्तिहरू अझ संगठित रूपमा योजनाबद्ध सडकमा उत्रने र वृहत रूपमा राष्ट्रिय राजनीतिक आन्दोलन उठानमा एउटा उर्जा र उत्साह थप्ने देखिन्छ। सेलाउँदै गएको राष्ट्रिय स्वाधीनताको आन्दोलन अब फेरि जुर्मुराउने छ र राज्यको दमनको प्रतिरोध गर्दै निर्णायक रूपमा अगाडि बढ्ने छ। जनताको अजेय तागतको अगाडि भारतीय विस्तारवादी शासकहरू नेपालको कालापानी क्षेत्रबाट आफ्नो सेना फिर्ता लैजान बाध्य हुनेछन् र लिम्पियाधुरा, लिपुलेक, कालापनी, सुस्ता लगायत अतिक्रिमित भूमि फिर्ता भइछाड्ने छ।


**परिवर्तनको सम्वाहक**

मूलबाटो

**सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैं हेर्नें र पढ्ने गरौं।**

www.moolbato.com


# राष्ट्रिय स्वाधीनता हाम्रो पहिचान



● पुष्पगोपाल श्रेष्ठ ●

मानव सभ्यताको इतिहासमा सभ्यताको सुरुवात ज्ञानको विकासबाट भएको थियो। मानव चेतनशिल प्राणी हो। चेतनाले चिन्तनको बाटोतिर दोऱ्याए, यसरी प्रकृतिबारे जिज्ञासा उठ्नथाले र त्यसको हल गर्ने प्रक्रिया स्वरूप चिन्तनको विकास भयो। यसै चिन्तनको माध्यमबाट ज्ञान प्राप्त भयो। अनि त्यसै ज्ञानलाई प्रयोग गरी सीप र प्रविधि विकास गर्दै समय साप्येक्ष ढङ्गले आवश्यक औजार निर्माण गरी, मानव-समाजको आवश्यक्ता अनुरूप उपभोग्य वस्तुहरूको उत्पादन गर्दै मानव सभ्यतालाई विकशित तुल्याउँदै आएका हुन्। यसैले मानव मात्रलाई यस दुनियाका प्राणिहरू मध्ये सर्वश्रेष्ठ प्राणि कहलिएको हो।

मानिसहरूको तुलनामा जनावर चराचुरुङ्गी र किरा-फत्याङ्गाहरूमा एक प्रकारको चेतना त छ तर उनीहरूमा चिन्तन गर्ने क्षमता छैन। तव त उनीहरू आफुलाई आवश्यक अनुरूप कुनै वस्तु निर्माण गर्न सक्दैन। प्रकृतिमा जे छ त्यसैबाट आफ्नो जीवन निर्वाह गर्ने गर्छन्। वास्तवमा यहि हो मानिस र जनावरहरू बीचको भिन्नता। हामी प्राणिहरू मध्ये सर्वश्रेष्ठ कहलिएका मानिसहरू, आजको यो २१ औं सताब्दीका जल्दा बल्दा मानिस हौं भन्न चाहिं पछि नपर्ने तर, चिन्तनबाट बिलकूल बिमुखभई, दुराचार्यहरूबाट फिजाएको छलकपटमै रुमलिएर रनभुल्लमा परी बस्नु के स्वभाएमान हुन सक्छ ? कदापि हुन सक्दैन। किनकी हामी चेतनशिल मात्र हैनौं चिन्तनशिल पनि हौं। देशमा भए गरेको भनिएका कतिपय विषय वस्तुहरूलाई, यहाँका शक्तिका पुजारी इतिहासकार बुद्धिजीवी भनिएका कतिपय व्यक्ति विशेषहरूले आफ्नो स्वार्थको निम्ति, दुनियाँलाई पंगु बनाउन शक्ति-केन्द्रको जयजयकारलाई नै देशको इतिहास भनी कोर्ने र त्यसलाई सहि साबित गर्न बुद्धिमता छाँत्न हुरुक्क हुनेहरूको यहाँ कमि छैनन्। यसै सन्दर्भमा, यहाँ अत्यन्तै महत्वकासाथ इतिहासभित्र कोत्याउन उपयुक्त कुरा के हुन भने, नेपालमा अति महत्वाकांक्षी पूर्व राजा पृथ्वीनारायण शाहले बलमिचाई क्रियाकलाप अर्थात राष्ट्र र राष्ट्रियतालाई अलग-थलग पारी भौगोलिक अतिक्रमण गरी नेपालमा आन्तरिक उपनिवेश खडा गर्न आइपुगेका थिए। त्यसै कार्यलाई यहाँका भजन-मण्डलीहरूले, पृथ्वीनारायण शाहले नेपाल राष्ट्रिय एकिकरण गरेको भनी बढाई चढाई गरी आएका ती शक्तिका पुजारी इतिहासकार भनाउँदाहरू द्वारा व्यक्ति विशेषको गुणगाणयुक्त इतिहासलाई, अत्यन्तै सजिव ढङ्गले ऐतिहासिक प्रमाण सहित डा. तुल्सिनारायण श्रेष्ठद्वारा लिखित 'नेपालका नेवारहरू पहिचान र पृष्ठभूमि' नामक पुस्तकको पृष्ठ ९ मा यसरी उल्लेख गर्नु भएको छ -"वास्तवमा तत्कालीन गोरखा राज्यको विस्तारिकरण पश्चात विस्तारित राज्यको नाम 'गोरखा' राख्न गरिएको पृथ्वीनारायण शाह र उनका उत्तराधिकारीहरीको प्रयास असफल भएको कुरा इतिहासबाट नै पुष्टि हुन आउँछ। 'नेपाल सधैं नेपाल नै रहिरह्यो'। यस्तो प्रयासकै सन्दर्भमा 'गोरखा राज्य' गोरखाली राजा जस्ता शब्दहरू अधिकारिक दस्तावेजहरूमा प्रयोग गरेको बुझिन्छ। उदाहरणको लागि हेर्नुहोस, नेपाल सरकार, मुलुकी सवाल, काठमाडौं, १९९३, योगी नरहरिनाथ र नरेन्द्रमान सिंह बस्नेत (संकलक) इतिहास संधीपत्र संग्रह, काठमाडौं।

यसै गरी यिनले 'गोरखा राज्य' विस्तार गर्ने क्रममा गरेका अनेकौं क्रियाकलापहरू मध्ये सरकारी मुखपत्र 'गोरखापत्र', नेपालको मान मर्दन हुने गरी बृटिस भारतसँग गरेको गोरखा भर्ति-केन्द्र जस्ता सन्धि सम्झौता, धार्मिक आस्थामा समेत गोरखाली प्रभुत्व जमाउन बिजया दशमीको नाउँमा गोरखाबाट फुलपाटी ल्याउने प्रथा बसाल्नु र सामाजिक जीवनमा पनि न्याय नपाए गोरखा जानु भन्ने जस्ता सोच लाद्ने प्रक्रियाले नेपाल एकिकरण होइन, गोरखा राज्य विस्तार अभियान नै हो भन्ने प्रस्त्याउँछ। हामी सच्चा देशभक्त स्वाभिमानी नेपाली वीरवीराङ्गनका सन्तती हौं। हामीमाथी कोही कसैले थिचो-मिचो, हस्तक्षेप र अत्याक्रमण गर्ने दुःसाहस गरी आउँछ भने त्यसको विरुद्ध प्रत्याक्रमण (प्रतिरोध) नगरी गुमसुम भई चुपचाप बस्ने हाम्रो पुर्खौली स्वभावैले दिन्दैन। हाल भारतीय विस्तारवादी वर्तमान मोदी भारतीय सरकारले बलमिचाई तरिका अपनाई, हाम्रो प्राणभन्दा प्यारो देश नेपालको स्वतन्त्र सार्वभौमसत्ता भू-अखण्ड राष्ट्रको साँधसीमा मिचेर खुल्लैयाम जम्मु काश्मिरलाई निलेर त केही भएन भने जस्तै गरी नेपालको साँध सीमाभित्रको कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्रको ३७२ वर्ग किलो मिटर भूभाग आफ्नो राजनैतिक नक्साभित्र पारी डाडागिरीमा उत्रन आउनुको विरुद्ध, देशका सम्पूर्ण राजनैतिक दल एवम् आमजनता एकसाथ एकजुटभई प्रतिरोध संघर्षमा जुझारु ढङ्गले उत्रन थालेका छन्, यसलाई सेलाउन दिनुहुन्न। सच्चा देशभक्त स्वाभिमानी नेपालका नेपालीहरू बिना आधार बिना सबुत प्रमाण प्रतिरोध संघर्षमा उत्रेका छैनन्। हामीसँग लिम्पियाधुरा क्षेत्र हाम्रो सार्वभौमसत्ता भू-अखण्डभित्रको साँध सीमा हो भन्ने यथेष्ट ऐतिहासिक सबुत-प्रमाणहरू छन् मात्र हैन, लिम्पियाधुरा, लिपुलेक र कालापानी सीमा विवादका विषयमा १४ वर्ष अघि नै संयुक्त राष्ट्रसंघमा प्रवेश पाएको खुलासा नापी विभागका तत्कालीन महानिर्देशक तोयानाथ बरालले, यो विषय आफुले संयुक्त राष्ट्रसंघको १७ औं कार्टोग्राफि सम्मेलन, एसिया प्यासिफिकमा राखेको जानकारी दिएका छन्। सम्मेलन सन् २००६ सेप्टेम्बरमा थाइल्याण्डको बैंककमा भएको थियो। त्यतिबेला नेपाल सरकारको प्रतिनिधित्व गरी आफुले उक्त कुरा सम्मेलनमा प्रस्तुत गरेको राष्ट्रसंघमा यसको रेकर्ड छ। वर्तमानमा यो मुलुकको साँध-सीमा विवाद चुलिरहेको स्थितिमा, त्यो सुगौली सन्धि भन्ने विषय खासमा के हो ? शक्ति पुजारी एवम् भजन-मण्डलिहरूले पारेको रनभुलल भित्रको सुगौली सन्धि हो वा योगी नरहरिनाथले खुलासा गरेको अनुरूपको झुठ-फरेवी भित्रको सुगौली सन्धि हो ? खासमा सुगौली सन्धि के हो ? यो अत्यन्तै राष्ट्रिय महत्वको विषय हो र यस मामलामा हामी दुविधामा पर्नु हुन्न र पर्नु छैन। तसर्थ, सुगौली सन्धी भए गरेकै हो भने त्यो सन्धि-पत्र त दुबै पक्षमा सुरक्षित रहेकै होला खोजेर दुनिया सामु प्रस्त्याउनु जरुरी छ।

योगि नरहरि नाथ नेपालको भूगोलको बारेमा एक जानकार व्यक्ति हुनुहुन्थ्यो। नेपालको सीमा अतिक्रमणका बारेमा, जङ्गे स्तम्भ, सीमा रेखा दशगजा बारेमा जानकारी भएका व्यक्तित्व हुनुहुन्थ्यो। साथै इतिहासलाई हेर्ने र विश्लेषण गर्ने वहाँको आफ्नै सैली थियो। सीमा क्षेत्रको प्रत्यक्ष स्थलगत र पैदलै पुगेर अध्ययन गर्ने व्यक्तित्व सायद वहाँ नै हुनुहुन्छ। वहाँले पृथ्वीनारायण शाह देखि यता, नेपालले अंग्रेज सरकारसँग, तिब्बतसँग, चिनसँग र बाइसे चौबिसे राज्यहरूले गरेका सन्धिहरूको संग्रह-सन्धिपत्र संग्रह संकलन गरी इतिहासको महत्वपूर्ण अभिलेख संकलनगरी नेपाल र नेपाली जनतालाई ठूलो गुण लगाउनु भएको छ। मेचि-महाकालीको सीमा विवाद बारेमा वहाँसँग 'जनएकता साप्ताहिक'ले गरेका कुराकानी 'नेपालको राष्ट्रियता चुनौति र रक्षाको सवाल' पुस्तकमा साभार गरी उतारिएका योगि नरहरिनाथले ऐतिहासिक पृष्ठभूमिमा उभिएर व्यक्त गरिएको यो महत्वपूर्ण विषय-उक्त पुस्तकको खण्ड दुई पेज नम्बर ४-९ भित्र उदृढ विषयहरू मध्येका केही अंश यस लेखमा समावेश गर्ने काम भएको छ। सीमा विवाद समय-समयमा उठिरहन्छ, उठेको थियो। यो विवाद त्यतिखेर पनि उठेको थियो जुन बेला सुगौली सन्धिको चर्चा चल्यो। सुगौली सन्धि भएको थिएन। सुगौली सन्धि भएको होइन गर्नु पऱ्यो भन्ने प्रस्ताव चलेको थियो। त्यो बेलामा राजा निर्माणयुद्ध देवहसान भएको र ४ वर्षका राजेन्द्र विक्रम गद्दीमा आएको बेला थियो र सम्पूर्ण सैनिकहरू, भारदारहरू पूर्व पश्चिमको युद्धमा भएको अवस्थामा थियो। त्यो कमजोरीको फाइदा लिएर सुगौली सन्धि भन्ने प्रस्ताव अंग्रेजले गरे। त्यसमा एकजना निष्काशित व्यक्ति, एकजना पत्रकार व्यक्तिले हस्ताक्षेर गरेका छन्, जसलाई सन्धि गर्ने अधिकार पनि दिएको थिएन। तिनीहरू को हुनभने चन्द्रशेखर उपाध्याय र गजराज मिश्र। तिनीहरूले वहाँको (अंग्रेजको) पत्र लिएर आए। यहाँको पत्र लिएर गए। सन्धिको सीमा निर्धारण गर्न उनीहरूलाई अधिकार थिएन। यस्ता पत्रको दुई प्रकारको राजदुत हुन्छ। एउटा सन्देशहार, अर्को हुन्छ निशार्थ। जस्तो बहादुर शाहको शासनकालमा दामोदरलाई चीन पठाउँदा दिएको अधिकार निशार्थ थियो। यो सर्वाधिकार थियो। तर यिनीहरूलाई भने कुनै निर्णय गर्ने अधिकार थिएन। पत्रहार (दुत) मात्र थिए। तिनले यहाँबाट (सुगौली नामले *बाँकी ६ पेजमा*

● झटारो — गाउँले माइलो

# शुभलाभका लागि नाङ्गै दौडिनेहरू !



शुभलाभको लागि नाङ्गै दौडिए तिनीहरू। नाङ्गै भन्नाले सोझो अर्थमा कपडै नलगाएर सर्वाङ्ग भएको भन्न खोजेको भने होइन। भनिन्छ- विचारविहीनहरू पशु समान हुन्छन्। मानिसहरू वैचारिक प्राणि हुन्। राजनीति उनीहरूको चारित्रिक विशेषता नै हो। राजनीति त नेपालीहरूको जन्मजात विशेषता नै हो। नेपालमा राजनीति नगर्ने को छ र ? घर घरबाट सुरु हुन्छ राजनीति यहाँ। अनि समाज हुँदै सिंगो देश विदेशमा फैलिन्छ राजनीति। विचारविनाको राजनीति हुँदैन। राजनीतिलाई विचार र सिद्धान्तले नेतृत्व गरेको हुन्छ। मार्गदर्शन गरेको हुन्छ। विचार, सिद्धान्त, राजनीतिकको आफ्नै मूल्य हुन्छ, मान्यता हुन्छ, आदर्श हुन्छ, नियम हुन्छ, अनुशासन हुन्छ। त्यहाँ त्याग हुन्छ, तपस्या हुन्छ, समर्पण हुन्छ, एउटा उदात्त चेतना र भावनाले मानिस साँच्चै मानिस भएको हुन्छ। जब मान्छेले आफूले अँगालेको विचार, सिद्धान्त, राजनीति, मूल्य मान्यता, आदर्श, त्याग, तमस्या, अनुशासन, समर्पण सबै छाड्छ र केवल निहीत तुच्छ स्वार्थका लागि दौडिएको हुन्छ। त्यस अर्थमा उसलाई नाङ्गै दौडिएको भन्ने अर्थ लगाउनु पर्ने हुन्छ।

राजनीतिक भाषामा विचारविहीन मानिसहरू जीउँदा लाश सरह हुन्। यस अर्थमा शुभलाभका लागि हुल बाँधेर लाशहरू दौडिरहेका छन्। केवल फाइदाका लागि, केवल पैसाका लागि। तिनीहरू एक समय निकै ठुलो विचार, सिद्धान्त, राजनीतिक, आदर्श, मूल्य मान्यताको कुरा गर्दथे। धेरैले तिनीहरूलाई नै आदर्श मानेर बलिदानीपूर्ण संघर्षमा पनि हाम्फालेका थिए। यिनीहरू शुभलाभका लागि यसरी रातारात छेपाराले झैं रंग फेर्छन् भन्ने थाहा पाएको भए सायद आमाका ती महान सन्ततीहरूले किन आफ्नो अमूल्य जीवनको बलिदान गर्थे होलान्। बिडम्बना त के छ भने एउटा महान आदर्शका लागि बलिदान गर्ने तिनै महान सहिदहरूलाई समेत भजाइ खान बाँकी राखेका छैनन् तिनीहरूले। आज तिनीहरू 'सहिद', 'गरिब', 'कम्युनिस्ट', 'वामपन्थी', 'सर्वहारा' आदि आदि नाम भजाएर आफू मालामाल बनिरहेका छन् र हिजोको आफैले महान भनेर लडेको त्यो मुक्तिकामी युद्ध र बलिदानलाई कुरूप र घिनलाग्दो देखिरहेका छन्। र, त्यो युद्ध, संघर्ष, विद्रोहका गौरवशाली दिनमा आफूले खर्चेको समयलाई धिक्कारिरहेका छन् र पश्चाताप मान्न पुगेका छन्। साँच्चै ती आज सर्वहारा श्रमजीवी जनताका वर्गदुश्मन कित्तामा पुगेका छन्। उनीहरूको सोच, चिन्तन, प्रवृत्ति, आचार, व्यवहार, संस्कार, संस्कृति सामन्तवाद र साम्राज्यवादको अवैद्य सन्तानको रूपमा जन्मिएको दलाल खच्चडको जस्तो बनेको छ। उनीहरूमा विचौलिया प्रवृत्ति यति धेरै हावी भएर गएको छ कि शुभलाभ हुने भए आफूलाई जन्मदिने आमालाई बेच्न पनि पछाडि नपर्ने भएका छन्। तिनीहरूको विचौलिया प्रवृत्ति आज सिंहदरबारदेखि गाउँ गाउँमा विस्तारित हुन पुगेको छ। र, यसले महामारीको रूप लिएको छ।

यो प्रवृत्ति यति निकृष्ट, अमानवीय र संवेदनाहीन बनेको छ कि पैसाविना केही पनि नगर्ने, पैसालाई बाहेक मान्छेलाई नचिन्ने भएको छ। पैसाका अगाडि तिनीहरूका लागि मान्छेको कुनै मूल्य छैन। यो समाजको विषाक्त प्रवृत्तिका विरुद्ध फेरि एउटा महान सामाजिक अभियान, राजनीतिक अभियान, वैचारिक-साँस्कृतिक रूपान्तरणको अभियान सञ्चालन गर्न जरुरी छ। यो प्रवृत्तिलाई घोक्रेठ्याँक लगाउनलाई, यी जिउँदा लाशहरूलाई ठेगान लगाउनलाई, यिनीहरूलाई लगाम लगाउनलाई र यिनलाई मानवीय मूल्यको गतिलो पाठ सिकाउनलाई फेरि एउटा साँचो अर्थमा जनवादी महान अभियानको सञ्चालन गर्नु परेको छ। सबै श्रमजीवी सर्वहारा वर्ग र समुदायको सुदृढ एकतामा आधारित भएर उठाउनु छ- मार्क्सवाद-लेनिनवाद-माओवादीको रातो झण्डा। बाल्नु छ- आम जनविद्रोहको मशाल।

# अन्तराष्ट्रिय कम्युनिष्ट आन्दोलनमा माओका योगदानहरू



● अशोक शर्मा ●

*जन्म र बाल्यकाल*

अध्यक्ष क.माओको जन्म सन् १८९३ डिसेम्बर २६ मा चीनको हुनान प्रान्तको स्याङ्गथान भन्ने काउन्टीको शाओसान भन्ने गाउँमा भएको थियो । उहाँ गाउँको गरीब किशान परिवारमा जन्मनु भएको थियो। उहाँका बुबा माओ सुनसाङ्ग आर्थिक अभावका कारण कलिलो उमेरमा नै सेनामा भर्ती हुनु भएको थियो। ऋणको बोझले पुरानो सबै जायजेथा गुमाउनु भएका माओ सुनशाङ्ग सेनाको जागिरबाट बिदा भए पछि गाउँ फर्केर किशानहरूको उत्पादित अन्न बेचबिखन र ओसारपसार गर्ने व्यापारिक काममा लाग्नु भयो। त्यसबाट उहाँले केही आर्थिक आधारहरू बनाउनु भयो । आमा वेन हिइ मेङ घरायसी काममा व्यस्त हुनु हुन्थ्यो भने माओ पनि खेती पति भै लाग्नु हुन्थ्यो। पछि बुबा व्यापारमा लागे पछि दिउँसो स्कुल जाने र बिहान बेलुका खेती गर्दै बुबालाई सहयोग गर्नुहुन्थ्यो। खास गरिकन माओका बुबाको आफ्नै पसल नभएका काण उहाँहरू किसानहरूको उत्पादित अन्न खरिद गरेर बजारमा लगि साहु महाजनहरूलाई बेच्नुहुन्थ्यो। र त्यसबाट प्राप्त हुने अतिक्ति मूल्यबाट जीवन धान्ने गर्नु हुन्थ्यो ।

बुबाको काम प्रतिको लगनशिलता र कडा मिजसको स्वभावको कारण माओका परिवारका सबै सदस्यहरूले श्रम गर्ने गर्दथे। माओ र उहाँका भाई पटक पटक बुवाको सजायको भागीदार हुनु परेको थियो। माओलाई १३ वर्षको उमेरमा बुबाले पढाईबाट हटाई खेतीपातीमा लगाउनुका साथै १४ वर्षकै उमेरमा आफु भन्दा ५ वर्ष जेठी (२० वर्षकी केटी) सँग विवाह गरी दिएका थिए। त्यसपछि माओ व्यापार र श्रीमती खेतीपातीमा व्यस्त हुन थाल्नु भएको थियो । तर माओ यो स्थितिमा धेरै दिन सम्म रहन सक्नु भएन।

*शिक्षा र राजनीति :*

माओ सानै देखि अध्ययनसिल हुनुहुन्थ्यो। जसले गर्दा उहाँमा दर्शन, अर्थशास्त्र, समाजशास्त्र सम्बन्धी पुस्तकहरू पढ्ने लत बस्यो। ८ वर्षको उमेरमा स्थानीय प्राथमिक स्कुलबाट अध्ययन प्रारम्भ गर्न भएका माओ अंग्रेजी पढ्न सक्ने भएपछि मेन्सियस, चओहवान र कन्फुसियसका कृतिहरू अध्ययन गर्न थाल्नु भयो । सुरुमा धार्मिक कृतिहरूको अध्ययनले धर्म प्रति झुकाव भए पनि गहन र विश्लेषणात्मक अध्ययनको प्रभाव स्वरूप माओ भौतिकवादी अध्ययन तर्फ समेत आकर्षित हुँदै जान थाल्नु भयो ।

माओ कालिन स्कुलहरूका शिक्षकहरू क्रुर टाइपका हुँदा उनीहरूको दमनलाई सहन नसकेर माओ १० वर्षकै उमेरमा विद्यालयबाट मागेर तीन दिन सम्म सम्पर्क विहिन हुनुभयो । आलोचनात्मक चेत र अध्यायनशील स्वभावका कारण विभिन्न विषय र प्रसंग सँग जोडिएर गुरु र पिता सँग वहस गर्ने, छलफल चलाउने र तार्किक प्रतिस्पर्धा गर्ने स्वभाव सँग सँगै क.माओ विद्रोही खालका कथा र साहित्यहरू अध्ययन गर्न थाल्नुभयो । १३ वर्षको उमेरमा विद्यालय छोडेर खेतीपाती तर्फ लागे पनि माओ निरन्तर अध्ययन गरी रहनु हुन्थ्यो । यसै सिलसिलामा चिनिया लेखक चेङक्वाङ, थिङधिङले लेखेका शेङसी पेइयान (समृद्धशाली युगका डर लाग्दा कुरा) पढे पछि उहाँ चीनको सामाजिक आर्थिक र राजनितिक व्यवस्थाको विषयलाई आधार बनाएर अध्ययन गर्न थाल्नु भयो । यसबाट क.माओले राजनीतिक सत्ता र व्यवस्था सँग जनताको सम्बन्ध कस्तो हुन्छ ? भन्ने विषय प्रति आफ्नो अध्ययनको दिशा केन्द्रित गर्न थाल्नु भयो। अध्ययनको सिलसिलामा माओले क्याथरिन, अब्राम लिय्न जर्ज वासिङ्गन, जिन ज्याक रुसो र नेपोलियन वोनावार्ट लगायतका व्यक्तिहरूको जीवनीको अध्ययन गर्नुभयो । अध्ययन प्रतिको मोह र रुची सँग जोडिदै जाँदा क.माओको बुबा सँग ठुलो अन्तरविरोध श्रृजना भयो। बुबा माओ सुनसाङ उहाँलाई खेतीपाती र व्यापारमा लगाउन चाहनु हुन्थ्यो तर माओ अध्ययनमा व्यस्त भईरहने भएको कारण बुबा सँग झगडा भयो र उहाँ घर छाडेर हुनान गएर पढ्न थाल्नुभयो। पछि हुनानमा भएको भोकमरी विरुद्धको संर्घषले उहाँलाई विद्रोही बनाउन र राज्य सत्ता विरुद्ध संर्घष गर्न प्रेरित गऱ्यो। त्यस अतिरित्त अध्ययनको सिलसिलामा १६ वर्षको उमेरमा आफ्नो मावली श्याङ श्याङ गएर मामाले पढिरहेको विद्यालयमा समेत उहाँले अध्ययन गर्नुभयो। त्यहाँबाट माओले प्राविधिक विज्ञान र पश्चिमा ज्ञानहरूको राम्रो अध्ययन गर्ने मौका पाए पनि स्थानीय परम्परावादीहरूको नजरमा यहाँ घृणाको शिका हुनुहुन्थ्यो। तर पनि जेहेन्दार र बहुमुखी प्रतिभाशाली हुनुको नाताले शिक्षकहरूको मन जित्नु भयो र त्यहाँ उहाँले राजनितिक संघर्ष सँग जोडिएका पुस्तकहरू समेत अध्ययन सुरु गर्न थाल्नु भयो।

सन् १९१० मा माओ छ्याङ्गशाको एक माध्यमिक विद्यालयमा अध्यापन गर्न थाल्नु भयो। त्यहि विद्याल नै माओको राजनितिक जीवनको महत्वपूर्ण मोड बनेर उभियो । हुनान प्रान्तको साँस्कृतिक आन्दोलनको केन्द्र छ्याङ्गशामा थुप्रै चिनिया क्रान्तिकारी नेताहरू केन्द्रित हुन्थे त्यहीबाट माओ राजनितिक चेतना सहित अगाडि बढ्ने अवस्थामा वस्तुगत हिसाबले पुग्नु भयो र त्यही सिलसिलामा स्वाधिन अर्थतन्त्र निर्माणको नारा सहित छिङ राजवंशको विरुद्धमा चलेका आन्दोलन संघर्षले झन उग्र रूप लियो। सन् १९११ अक्टोबर २२ मा क्रान्तिकारीहरूको सैनिक सरकार घोषणा हुन पुग्यो । तर उक्त सरकार षडयन्त्रद्धारा ढालिन्थ्यो । त्यो घटनाले माओमा अभुतपूर्व क्रान्तिको जोश उर्जा र संघर्षशील भावनाको विकास भयो। माओ त्यो संघर्षको एउटा सेना समेत बन्नु भएको थियो भने पछि एक कुशल विद्यार्थी नेताको रूपमा पनि उहाँ स्थापित हुनुहुन्थ्यो ।

अध्ययनको प्रक्रिया सँगै माओ एउटा प्रगतिशील र क्रान्तिकारी नेतामा रूपान्तरण हुनुभयो । विद्यार्थी जीवनकै क्रममा उहाँले छ्याङ्गशामा “साँस्कृतिक पुस्तक समाज” भन्ने संस्थाको स्थापना गर्नुभयो र आधुनिक राजनिति र प्राकृति विज्ञान सम्बन्धि अध्ययनलाई संस्थागत गर्नुभयो । त्यहि सन्दर्भमा देशमा विद्यार्थी आन्दोलनलाई अगाडि बढाउनलाई स्याङ च्याङ टिभ्यु नामको पत्रिकाको सम्पादक भई महत्वपूर्ण भूमिका निर्वाह गर्नुभयो। समग्रमा अध्ययन कै प्रक्रिया सँगसँगै देशै भरि चिनिया प्रकृयावादी सत्ताको विरुद्धमा उठेका संघर्षलाई विकास गर्न उहाँले महत्वपूर्ण भुमिका निर्वाह गर्नुभयो।

*चिनिया कम्युनिष्ट पार्टी स्थापना र माओको भूमिका :*

१९१९ मा माओले संघाई गएर विद्यार्थी संघर्षका विभिन्न क्रान्तिकारी नेताहरू सँग छलफल गरि पुनः छ्याङशा फर्केर आउनुभयो। त्यहाँ “नौलो जनबादी अध्ययन समाज” का कामहरूलाई व्यवस्थित गर्न थाल्नुभयो। उहाँकै निरन्तर पर्यात्न स्वरूप १९२० मा रुसी अक्टोबर क्रान्तिको २० औं वार्षिकोत्सव समाजको तर्फबाट मनाउँन निकालिएको जुलुस माथि प्रहरी दमन भयो । यसपछि पेकिङ्गमा माक्सवादी संगठन निर्माण गरि बसेका छन त्यू स्यु लगायत देश भरिका प्रगतिशिल विचार राख्ने क्रान्तिकारीहरू सँग छलफल गरि १९२१ जुनाई २१ का दिन माओ लगायत १२ जना सहभागि भेलाले छन त्यु श्यु को नेतृत्वमा चिनिया कम्युनिष्ट पार्टीको गठन भयो। त्यसपछि हुमान गएर माओले त्यहँका किसान र युवाहरूलाई संगठित गर्नुभयो । सन् १९२२ मा हुनानमा खानी मजदुर तथा नगरपालिका र टक्साका मजदुरहरूलाई संगठित गरि मजदुर आन्दोलनको विकास गर्नुभयो । सरकारी दमनबाट हुनानका नागरिक प्रकाशक चावो होङ्गयी ब्लाईलाई फासी दिनुका साथै ४० जना भन्दा बढि सहिद भए । यसै सिलसिलमा जिम्मा लिएका हुनान छाङ्ग र संघाईमा पार्टी संगठन र आन्दोलन अगाडि बढ्यो ।

*चीनमा कम्युनिष्ट पार्टीको विकासमा माओका योगदान :*

चिनिया कम्युनिष्ट पार्टीको स्थापना सँगै माओ संगठन र संघर्षमा जित्नु भयो । एकातिर हुनान र संघाई लगायतका स्थानहरूमा आफै डटेर घनिबुत रूपमा संघर्षको उठान गर्नुभयो भने अर्को तर्फ पार्टी भित्र फैलिदै गएको दक्षिणपन्थी अवसरवाद विरुद्ध संर्घष पनि तिव्र बनाउँदै लैजानु भयो । यस प्रक्रियामा १९२१ देखि १९२५ सम्मका धेरै ठाउँमा ठुलठुला हडतालहरू भए । मजदुरहरूले बलिदानी दिए । राज्यको क्रुरताको प्रतिरोध गर्न माओले सैन्य प्रशिक्षण दिनुपर्ने अवधारण अघि सार्दै ससस्त्र ढङ्गले दुश्मनको प्रतिरोध गर्नुपर्ने विचार प्रस्तुत गर्नुभयो। संगठित योजनवद्ध प्रहार र प्रतिरोध द्धारा राज्य विरुद्ध संघर्ष गर्नुभयो र माओको आक्रमक संघर्षसँग पार्टी भित्र सहमत नहुँदा उहाँको दक्षिणपन्थीहरू सँग संघर्ष सुरु भयो । “चिनिया समाजमा वर्गहरूको विश्लेषण” र “चावो हेङथीको वर्गाधार हाम्रा अगाडिका अभिभारा” नामका पुस्तक सहित उहाँ २ लाईन संघर्षमा उत्रनु भयो। त्यसलाई प्रचार प्रसार प्रकाशन गर्न त्यहाँका दक्षिणपन्थीहरूले अस्वीकार गरे । दुई लाइन संघर्षको प्रक्रियाका चल्दै जाँदा उहाँले पार्टीमा कारवाहि समेत भोग्नुभयो। तथापि माओ आत्मविश्वास सहित चिनको ग्रामिण भेगमा गएर किसानहरूलाई संगठित गर्ने विद्रोहका आधारहरू खोज्ने र वर्ग संघर्षको विकासमा लाग्ने प्रकृयामा डटिहनुभयो ।

माओका क्रान्तिकारी उत्साह, संघर्षशिल योजना र गतिशिल कार्यशैलीका कारण उहाँ एकातिर चीनको प्रतिक्रियावादी सत्ताको आँखाको तारो बन्नु भयो भने अर्कोतिर चीनका शोषित पिडित जनताको आदर्श र मार्गदर्शक नेतृत्वमा स्थापित हुनुभयो। माओको निर्देशनमा हजारौ हजार किसानहरू बलिदान दिन तयार हुन थाले र सबैलाई उहाँले सैन्य तालिम दिन थाल्नुभयो। यसबाट लडाईको स्वरूपमा परिवर्तन र विकास स्वभाविक बन्ने पुग्यो। माओको यस प्रकारको कार्यशैलीबाट आतिएको प्रतिक्रयावादी सेनाले उहाँलाई १९२७ को सेक्टेम्बरमा “सरदे वाली विद्रोह” को नेतृत्व गरीरहेको बेला पक्राउ गऱ्यो र उहाँलाई हत्या गर्ने योजना सहित चिनिया जासुसी अड्डा तर्फ लग्दै गर्दा उहाँ त्यहाँबाट सिपाहीहरूको घेराबाट फुत्केर एक जना किसानको सम्पर्क सहित अर्को जिल्लामा जानुभयो । चीनको सटदे वाली विद्रोहबाट अतालिएको राज्य सत्ता एक वा अर्को प्रकारले क्रुर बन्न थाल्यो । संगठनात्मक प्रतिरोधका गतिविधिबाट माओ अझै धेरै स्थापित जनप्रिय नेताको रूपमा दर्जा हुनु भयो । यसबाट पार्टी महासचिव छन् त्यु स्यू लगायत पार्टी भित्रका दक्षिणपन्थीहरू माओको विरुद्धमा खनिएर र उहाँलाई पार्टीको पोलिव्युरो र मोर्चा समितिबाट कावाही गरी हटाए । त्यसपछि माओ आफुले नेतृत्व गरेको सेना सहित चिङ काङ शानमा गएर सेनाहरूलाई केन्द्रिकृत गर्नुभयो र ठुलो सैन्य दस्ता त्यहाँ तयार भयो । माओ त्यसको कमाण्डर हुनुभयो। माओ ले यसरी गठन गरेको लाल सेना र त्यसका गतिविधि चीनमा असाध्यै धेरै लोकप्रिय हुन थाले । छोटो समयमा त्यो त्यहाँ सबै खाले मान्छेहरूको आकर्षणको केन्द्र बन्न पुग्यो । यसै सिलसिलमा सन् १९२८ मा चु ते चिङ काङ शान आए पछि त्यहाँका सेनाका सबै रेजिमेन्टहरूलाई एकित्रित पारी प्रतिनिधि सम्मेलन मार्फत त्यहँका ६ वटा गाउँमा “सोमियत सत्ता” स्थापना गर्ने, हुनान-कवाङशी-क्वाङतुङको सिमा क्षेत्रमा कम्युनिष्ट सत्तालाई शिघ्र विस्तार गर्ने निती बनाईयो। त्यसको लगत्तै १९२८ को मे मा चिङ काङ शान मा दोश्रो सम्मेलन मार्फत माओका नीति कार्यक्रमलाई बहुमतले पास गरे पछि पार्टी भित्रको दक्षिणपन्थी अवसरवाद कमजोर तथा धरासायी बन्न पुग्यो १९२८ को हिउदमा मस्कोमा भएको चिनिया कम्युनिष्ट पार्टीको छैठौं महाधिवेशनले यसलाई अनुमोदन गऱ्यो ।

पार्टीको छैठौ महाधिवेशनले १९२५ देखि २८ सम्मका सबै आन्दोलन संघर्ष र विद्रोहलाई स्वीकार गर्दै थप संघर्षलाई अगाडि बढाउने निर्णय गरेपछि माओ पार्टी भित्र र बाहिर समेत एकदमै शक्तिशाली नेतृत्वको रूपमा स्थापित हुनुभयो। यसै प्रक्रियामा माओकै अगुवामा चिक काङ शानमा सबै सैन्य पल्टन एकिकृत गरी पाचौं लाल सेना निर्णय गरियो र अनुशानका आठ नियम र तीन कर्तव्य सहित चिनिया जनमुक्ति आन्दोलनलाई अगाडि बढाउने काम भयो ।

चीनको वर्ग संघर्षले राष्ट्रिय युद्ध र गृहयुद्ध दुवैको नेतृत्व गर्नु पर्दथ्यो । एकतर्फ जापानी साराज्यवादको औपनीवेशीक जुवाबाट चिनिया समाजलाई मुक्त गर्नु थियो भने अर्को तर्फ चिनिया सामान्तवादी जुवाबाट पनि स्वतन्त्र हुन जरुरी थियो। यस स्थितिमा वर्ग संघर्षको नेतृत्व तत्कालिन दक्षिणपन्थीहरूबाट सम्भव थिएन । तसर्थ १९३५ मा पार्टी भित्रको दक्षिपन्थी र दुश्वासवादी दुवै नेतृत्वलाई हटाई माओको नेतृत्वमा नयाँ केन्द्रिय समिति चयन गरियो । माओ नेतृत्वमा आएपछि चिनिया कम्युनिष्ट पार्टी भित्र व्यापक शुद्धिकरण र वैचारिक आन्दोलनको नेतृत्व गर्नुभयो । मनोगतवाद, संकीणतावाद र धिसेपिट पार्टी लेखनको विरुद्धमा उहाँ खरो उत्रनु मात्र भएन, विना प्रमाण र तथ्य विना नबोल्नु सबैलाई निर्देशन समेत दिनुभयो । “सत्यबाट तथ्य खोज्नु” र “निशानामा तिर हटनु” उहाँको मुख्य निर्देशन थियो । यसै मुताविक माओले लाल सेनालाई सुध्रिड गरेर चीनको परिस्थिति अनुसार चिनिया वर्ग संघर्ष र क्रान्तिको समग्र रणनिति र कार्यनिति तय गरी अगाडि बढ् नुभयो । हजार माइलको यात्रा एक पाइलाबाट सुरु हुन्छ भन्ने उद्घोष अर्न्तगत चीनका विकट गाउँ घर भीरपाखाहरूमा यात्रा गर्दै जनताको काममा जोडेर अनेक जनवादी काममा लाल सेनालाई जोड्दै लम्बे अभियान सञ्चालन गर्नुभयो र गाउँगाउँबाट जनताका विशाल समुह पार्टीमा आवद्ध गर्नुभयो ।

रणनितिक दृढता र कार्यनितिक लचकताको नीति अनुरूप जापानी साम्राज्यवाद र देशीय सामन्तवादको विरुद्धमा संघर्षको उठान गर्दै चिनिया सेना भित्र र चिनिया भुगोल भित्र समेतका अर्न्तविरोधहरूको प्रयोग मार्फत सैन्य हस्तक्षेप गरी अगाडि बढ्नुभयो । यसै सर्न्दभमा १९४२ मा पार्टी भित्र सक्रिय आन्दोलन सञ्चालन गरी दक्षिणपन्थीहरूलाई थप कमजोर बनाउनु भयो। १९४३ मार्चमा भएको राजनितिक व्युरोको बैठकबाट माओ अध्यक्षमा निर्वाचित हुनुभयो। यसै सिलसिलामा १९४५ को मार्च-अप्रिलमा माओको अध्यक्षतमा भएको महाधिवेशनबाट माओ अध्यक्षमा निर्वाचित हुनुभयो ।

महाधिवेशनबाट अध्यक्षमा निर्वाचित हुने बित्तिकै माओले जापानी साम्राज्यवादलाई चीनबाट भगाउने र च्याङ काइ सकेको प्रतिक्रियावादी सरकारको जरा उखेल्ने कुरामा विशेष जोड दिनुभयो । यही योजना अनुसारको संघर्षको प्रतिफल स्वरूप सन् १९४५ अगस्टमा जापान विरोधी युद्धको घोषणा गरियो। जुन युद्धको प्रभाव अनुसार जापानी आक्रमणकारीहरूबाट सदाका लागि चिनिया समाज मुक्त भयो भने चिनिया जनमुक्ति अभियानको विरुद्धमा जापानी साम्राज्यवादको वुई चढेर दमनमा उत्रेको च्याङ काइ सेकको सरकार पनि जनताको लगातारको प्रतिरोध र जनमुक्ति सेनाको युद्ध धक्काबाट अत्तालियो । त्यसपछि च्याङ काइ सेक पनि १९४९ को अप्रिलमा चीन छाडेर ताइवान भाग्यो । तत पश्चातः चिनिया जनमुक्ति सेनाको नियन्त्रणमा आएको चीनलाई १९४९ अक्टोबर १ मा क.माओले थ्येन जान मेन रोन्टमबाट जनवादी गणतन्त्र चीनको घोषणा गरे पछि औपचारिक रूपमै चीनको प्रतित्रियावादी सत्ताको अन्त्य भई चीनमा जनवादी व्यवस्था स्थापना भयो ।

*अन्तराष्ट्रिय कम्युनिष्ट आन्दोलनको दुई लाइन संघर्षमा माओको भूमिका*

चीनमा क.माओको नेतृत्वमा जनवादी क्रान्ति सम्पन्न भई जनवादी गणतन्त्रको स्थापना भएको करिब ४ वर्ष पछाडि स्टालिनको मृत्यु भएपछि रुसको समाजवादी सत्तामा सुस्चोको आगमन भई प्रतिक्रान्ति भयो । रुसको प्रतिक्रान्ति सँगै विश्व समाजवादी सिसिर दुई खेमामा विभाजित हुन पुग्यो । एउटा खेमाको नेतृत्व खुस्चोभले गऱ्यो भने अर्कोको माओले । यसै संघर्षमा माओको नेतृत्वमा खुच्चोभी संसोधनवादको विरुद्धमा महान वहस (न्चभबत म्भखबतभ) सञ्चालन भयो । यसले एकातिर विश्व कम्युनिष्ट आन्दोलनमा क्रान्तिकारी र संसोधनवादी बिचमा व्यापक ध्रुवीकरण बढायो भने अर्को तिर खुच्चोभी संसोधनवादलाई नङ्गाउँदै माओ क्रान्तिकारी आन्दोलनको अन्तराष्ट्रिय नेतामा दर्ज हुनुभयो ।

सोभियत संघको पतन पश्चात माओले स्टालेनका कमीकमजोरीको संस्लेषण गर्नुभयो । त्यो संश्लेषण समाजवादी समाजमा पनि वर्गसंघर्ष कायम रहन्छ भन्ने थियो। त्यसको लागि उहाँले निरन्तर क्रान्तिको सिद्धान्तका आधारमा अगाडि बढ्ने विचारधारात्मक राजनितिक कार्यदिशा अगाडि बढाउनु भयो। यो अन्तराष्ट्रिय कम्युनिष्ट आन्दोलनमा सैद्धान्तिक तथा व्यवहारिक हिसाबले एक युगान्तकारी र ऐतिहासिक परिघटना थियो ।

*माओको पारिवारिक राजनीतिक पृष्ठभूमि*

माओ १४ बर्ष हुँदा उहाँको वुवाले २० बर्षकी महिलासँग विहे गरिदिए पनि माओ बर्ग संघर्षमा सामेल भएपछि उहाँसंग सम्बन्धविच्छेद भएको थियो । जनमुक्ति आन्दोलको क्रममा अभियान चलिरहेको वेला लम्बे अभियानकी अभियान्ता हो जी चेन सँग विवाह भए पनि सम्बन्ध विच्छेद भएको थियो । शहिद पछि याङ काई हुई र च्याङ चीङ्ग संग विवाह भयो र माओको मृत्यु पछि तेङ सियावो पिङ्गले प्रतिक्रान्ति गरे पछि चलेको दुई लाइन सघर्ष वेलामा च्याङ चीङ्ग लगायत ४ जना क्रान्तिकारी नेताहरूलाई गीरफ्तार गरी तेङ्ग सियाओ पिङ्गले जेलमा हत्या गऱ्यो । माओका छोरा माओ जितेङ्ग कोरियाली जनमुक्ति युद्धमा सहिद हुनुभयो । यो बाहेक क.माओकी एक धर्म वहिनी पनि हुनुहुन्थ्यो । उहाँको नाम माओ जे च्याङ्ग थियो। उहाँ माओ बुवासंग सम्बन्ध विच्वेद गरेर जनयुद्ध र संघर्षमा सामेल हुँदा माओ संगै जानुभएको थियो। पछि च्याङकाई सेकको सेनाले गाली हानी उहाँको हत्या गरेको थियो भने माओको भाई माओ आङ इङ पनि चिनिया भूमिको आन्दोलनमा सहिद हुनु भएको थियो । विश्व कम्युनिष्ट आन्दोलनको इतिहासमा माओको राजनीतिक आदर्श र बलिदानलाई नमुना मान्न सकिन्छ । चिनिया जनमुक्ति सेनामा माओका परिवारका सात सदस्यले उच्च बलिदान गर्नुभएको छ भने छोराले कोरियाली वर्ग संघर्षमा सहिद भएर सर्वहारा अन्तराष्ट्रियतावादी आन्दोलनको समेत प्रतिनिधित्व गर्नु भएको छ। माओ स्वयं दुश्मनको पन्जामा परेर हत्या गर्न लागिदै गरेको अवस्थामा सहासपूर्वक दुश्मनको घेरा तोडेर बाच्न सफल हुनुभयो । यस दृष्टिकोणले माओको परिवारको बलिदान सबैले सिक्न योग्य छ ।

*विश्व कम्युनिष्ट आन्दोलनमा माओका योगदानहरू*

विश्व कम्युनिष्ट आन्दोलनमा माओका योगदानहरू असाध्यै महत्वपूर्ण छन। मार्क्सवादका तीन संगठन अंगहरू दर्शन राजनीतिक अर्थशास्त्र र मानव समाज र बैज्ञानिक समाजको र शैन्य विज्ञानमा माओले गरेका बैचारिक योगदानहरू सार्वभौमिक योगदानको रूपमा रहेका छन् ।

खास गरीकन दर्शको क्षेत्रमा अन्तरविरोधको नियमको नयाँ ढंगले व्याख्या विश्लेषण र सस्लेषण गर्ने कार्य गर्नुभयो । दुई विपरित तत्व बिचको एकता र संघर्ष सम्बन्धी द्धन्दवादको नियमलाई आधारभुत नियम बताउँदै अरुलाई त्यसकै पुरक नियमको रूपमा उहाँले व्याख्या गर्नुभयो र एकको हुँदैमा विभाजन र दुईको एकमा संयोजन सम्बन्धी नयाँ अवधारणाको विकास गर्नुभयो । यो दर्शनको क्षेत्रमा माओले गरेको नयाँ संस्लेषण हो ।

राजनीतिक अर्थशास्त्रको क्षेत्रमा माओले नयाँ जनवादी अर्थ व्यवस्थाको मात्र व्याख्या गर्नु भएन त्यो भन्दा अघि बढेर चलायमान वर्ग संघर्ष भित्र कायम रहेको समाजवादी अर्थव्यवस्था र त्यहाँ हुने श्रम र पुँजी बिचको अन्तरविरोध भित्रको अर्थ व्यवस्थाको बारेमा समेत नयाँ र ठोस अवधारणा पेश गर्नुभयो ।

वैज्ञानिक समाजवादको क्षेत्रमा समाजवादी समाज पनि अस्तित्वमा रहने निष्कर्ष निकाल्दै उहाँले वर्ग संघर्षको अन्त्य गर्न र समाजवादी समाजमा मानव समाजलाई अगाडि ल्याउन निरन्तर क्रान्तिको सिद्धान्त प्रतिपादन गर्नुभयो । जस अनुसार साम्राज्यवादी समाजमा पनि वर्गहरू रहन्छन् र तीनिहरू वीच संघर्ष चल्ने हुँदा साम्यवादी समाज निर्माण नहुन्जेल निरन्तर क्रान्ति आवश्यक छ भन्ने निर्ष्कष निकालि मानव समाजको क्षेत्रमा साम्यवादी सिद्धान्तको संसलेषण गर्नुभयो ।

सैन्य सिद्धान्तको क्षेत्रमा चिनको सन्दर्भमा जनयुद्ध संगसंगै छापामार युद्धका नियमहरूको विकास गर्नुभयो । रक्षा, प्रयोग र विकाशको मान्यता अर्न्तगत रणनितीक रक्षा, रणनितिक सन्तुलन र रणनितीक प्रत्याक्रमणका शैन्य नीतिहरू विकास गर्नुका साथै त्यसका तत्कालिन राजनीतिक तयारी र दीर्घकालिन योजनाको एकरूपता सम्बन्धि कलात्मक युद्धनीतिको विकास गरी सैन्य विज्ञानलाई नयाँ उचाई प्रदान गर्नुभयो ।

*मार्क्सवादको विकास क्रममा योगदान*

मार्क्सवाद प्रयोगको विज्ञान हो । यो संघर्षको विज्ञान पनि हो । यसका समग्र प्रकृयाहरू, एकता संघर्ष रूपान्तर, छलफल वहस निष्कर्ष तथा वादविवाद र संवादको द्धन्द्धात्मक प्रत्रियाको बिचबाट अगाडि बढ्छन् । मार्क्सवादका तीन वटा संगठक अंगहरू हुन्छन् । दर्शन, राजनितिक, अर्थशास्त्र र वैज्ञानिक समाजवाद । प्रतिस्पर्धात्मक पुजीवादी युगमा मार्क्स र एङ्गोल्सले तीन संगठक अंग माथि गरेको सार्वभौमिक तथा मौलिक योगदानका आधारमा मार्क्सवादको विकास भयो भने र साम्राज्यवाद र सर्वहारा क्रान्तिको आजको युगमा लेनिन स्टालेन र माओले पुऱ्याएको ती तीन संगठक अंगहरूको सार्वभौमिक योगदानका आधारमा लेनिनवाद र माओवादको विकास भएको छ । यसरी आज मार्क्सवाद-लेनिनवाद-माओवाद विश्व सर्वहारा वर्ग, विश्व सर्वहारा क्रान्ति र विश्व सर्वहारा राजनीतिको समग्र रणनिति र समग्र कार्यनिति बन्न पुगेको छ। तसर्थ विश्वको मानव समाजको मुक्तिको नवीनतम मौलिक विज्ञानको रूपमा यो गतिशिल ढंगले अगाडि बढिरहेको छ ।

*माओको व्यक्तित्व र कृतित्व*

माओ एक इमान्दार, निष्ठावान दृढ र आत्मविश्वासले भरिएको सबै खाले चुनौतीको सामाना गर्न सक्ने खुबी र दक्षता सहितको क्रान्तिकारी योद्धा हुनुहुन्थ्यो । उहाँ तथ्य बाट सत्य पत्ता लगाउन सिपालु हुनुहुन्थ्यो । मेहनत र परिश्रम बाट नयाँ चिजको विकास हुने कुरामा दृढ हुनुहुन्थ्यो । व्यवहार र ज्ञान बिचको द्धन्दात्मक सम्बन्धबाट समाजको विकास गर्न सकिन्छ भन्ने कुरामा उहाँ जीवनपर्यन्त अविचलित हुनुभयो । क्रान्ति र वर्गिय मुक्तिको स्वार्थ वाहेक उहाँमा केहि देखिएन । यी सबै चिजलाई स्थापित गर्न उहाँले चिनिया समाजको व्याख्या विश्व कम्युनिष्ट आन्दोलनको नयाँ कार्य दिशा सहितका अवधारण तथा सैन्य तथा सामरिक रचनाहरूको लेखन तथा प्रकाशन गरी विश्व मानव समुदायलाई नयाँ मार्गदर्शन गराई मार्क्सवाद-लेनिनवाद-माओवादका संस्थापक तथा विचारधारात्मक व्यक्तित्व बन्न सफल हुनुभयो । सारमा माओले मान्छेद्धारा मान्छे माथि हुने सबै खाले शोषण दमन र उत्पिडनको अन्त्य गरी समतामुलक र समुन्नत मानव समाजको निर्माणको लागि वर्ग संघर्षको अनिवार्यता र क्रान्तिको निरन्तरतामा आफ्नो सम्पूर्ण जीवन अर्पण गर्नुभयो ।

*माओका योगदानहरूको विश्व कम्युनिष्ट आन्दोलनमा प्रभाव :*

अजेय मार्क्सवाद-लेनिवाद-माओवाद विश्व सर्वहारा वर्गको मुक्ति र स्वतन्त्रको अपराजय हतियार हो । यो उत्पादनका लागि संघर्ष, वर्ग संघर्ष र वैज्ञानिक प्रयोगको विज्ञान पनि हो । समाजका आर्थिक सामाजिक र साँस्कृतिक रूपान्तरणको महान अभिषनमा संसार भरि मार्क्सवाद-लेनिनवाद-माओवादको वैचारिक तथा सार्वभौमिक सैद्धान्तिक आलोकमा संसार भरि थुप्रै बलिदानीपूर्ण सर्घषहरू हुँदै आएका छन् र यि निरन्तर प्रक्रियामा अगाडि बढिरहेका छन् । दश वर्षको महान जनयुद्ध पनि त्यसकै एउटा निरन्तर प्रक्रिया हो र यो चुनौती र संभावनाको द्धन्दात्मक प्रक्रियाबाट अगाडि बढि रहने छ । समग्रतामा भन्नु पर्दा मान्छे द्धारा मान्छे माथि हुने सबै खाले शोषण दमन र उत्पिडनको अन्त्य भई समतामुलक साम्यवादी समाज स्थापना नहुन्जेल सम्म यो वर्ग संघर्ष र मालेमावादको रक्षा प्रयोग र विकास निरन्तर अगाडि बढिरहन्छ । नेपलको सन्दर्भमा मजदुर वर्गको नेतृत्व र किसान मजदुर एकतामा आधारित सामन्तवाद र साम्राज्यवाद विरोधी नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नका लागि यहाँका सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूलाई मार्कर्सवाद-लेनिनवाद-माओवादले निरन्तर मार्गदर्शन गरिरहने छ । यस प्रकारको क्रान्तिका विश्वव्यापार र व्यवदारको प्रणेता क.माओ क.माओको योगदान नै मालेमावादको विकास र विश्व सर्वहारा आन्दोलनको नयाँ उचाई र चरण हो ।

# ‘कुनै पनि कम्युनिस्ट पार्टी माओवादी नबनी सच्चा क्रान्तिकारी बन्नै सक्तैन’

संसारका मजदुरहरू एक हौं ! मार्क्सवाद-लेनिनवाद-माओवाद – जिन्दावाद !

नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)
Communist Party Of Nepal (Revolutionary Maoist)

केन्द्रीय समिति
Central Committee

पत्र संख्या/Serial No. :-
चलानी नं./Regd.No. :-

**प्रेसवक्तव्य**

आज डिसेम्बर २६ माओत्सेतुङको १२७औं जन्म दिवश हो । माओत्सेतुङ विश्व सर्वहारा वर्गका महान नेता तथा आम उत्पीडित जनताका मुक्तिका मार्गदर्शक हुनुहुन्थ्यो । आज विश्वभरि र नेपालमा पनि सर्वहारा वर्ग तथा आम उत्पीडित जनताले भव्यताका साथ माओ दिवश मनाइरहेका छन् । माओ दिवसको यस ऐतिहासिक अवसरमा विश्व तथा नेपाली सर्वहारा वर्ग, उत्पीडित जनसमुदाय, सम्पूर्ण समर्थक तथा शुभचिन्तकप्रति हाम्रो पार्टी लालसलाम अर्पण गर्दछ ।

कमरेड माओले मार्क्सवादका तीनवटै सङ्घटक अङ्ग अर्थात् दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादको क्षेत्रमा सार्वभौम महत्वको योगदान गर्नु भएको छ । चिनीया प्रतिक्रियावाद तथा विश्व साम्राज्यवादका विरुद्धको भीषण वर्गसङ्घर्ष र संशोधनवादका विरुद्धको निर्मम दुईलाईन सङ्घर्षका बीचबाट माओले मार्क्सवाद-लेनिनवादको जुन विकास गर्नु भयो त्यो सार्वभौम महत्वको छ । यसक्रममा मार्क्सवाद-लेनिनवाद, विश्व सर्वहारा वर्गको अखण्ड क्रान्तिकारी सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवादका रुपमा विकसित हुन गएको छ । आज, कुनै पनि कम्युनिस्ट पार्टी माओवादी नबनी सच्चा क्रान्तिकारी बन्नै सक्दैन ।

यतिबेला नेपालमा साम्राज्यवादी तथा विस्तारवादी उत्पीडन एवम् हस्तक्षेप बढ्दै गएको छ र त्यसलाई प्रतिक्रियावादमा पतन हुन पुगेको संशोधनवादले साथ दिइरहेको छ । लिम्पियाधुरा, कालापानी र लिपुलेक क्षेत्रलाई भारतीय विस्तारवादले आफ्नो नक्सामा पारेर नेपालको राष्ट्रिय स्वाधीनता र भौगोलिक अखण्डतामाथि सिधा हस्तक्षेप गरेको वर्तमान सन्दर्भमा कम्युनिस्ट नामको वर्तमान प्रतिक्रियावादी सरकारले कालापानीबाट भारतीय सेना हटाउन र लिम्पियाधुरा, सुस्ता लगायतका अतिक्रमित भूभाग फिर्ता गर्नका लागि कुटनीतिक पहल बढाउनुको साटो अतिक्रमणको देखावटी विरोध गरेर वास्तवमा भारतीय विस्तारवादको चाकडी गर्न गएको छ भने अर्कोतिर अमेरिकी सैन्य रणनीतिको अंश रहेको एमसीसीलाई सदनबाट पारित गर्ने दुष्प्रयाश गर्दै अमेरिकी साम्राज्यवादका सामु लम्पसार पर्न गएको छ ।

आज विश्वभरि दक्षिणपन्थी संशोधनवादीहरु प्रतिक्रियावादमा पतन भएर नवउदारवादका पक्षपोषक बन्न गएका छन् । यो बेला सच्चा माओवादीहरुले संशोधनवादलाई नाङ्गेभार नपारी विश्व सर्वहारा क्रान्तिको विकास संभव छैन । यस स्थितिमा कथित कम्युनिस्ट सरकारको भण्डाफोर गर्दै दलाल तथा नोकरशाही पुँजीवाद, सामन्तवाद, साम्राज्यवाद तथा विस्तावादका विरुद्ध नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवाद तथा साम्यवादतर्फ दृढताकासाथ अगाडि बढ्नुमा नै माओदिवस मनाउनुको विशेष ऐतिहासिक अर्थ र महत्व रहन्छ । अत: म केन्द्रीय समितिको तर्फबाट सबै पार्टी कमरेडहरुसित विशेष उत्सवका रुपमा माओदिवस मनाउन र माओले देखाएको बाटोमा निरन्तर लागिरहन हार्दिक अनुरोध गर्दछु ।

मिति २०७६ पौष १०

मोहन वैद्य (किरण)
महासचिव

बुद्धनगर, काठमाडौं, फोन : ०१-४७८५७६२, फ्याक्स : ०१-४७८५७६३
Buddhanagar, Kathmandu, Phone No. : +977-1-4785762, Fax No. : +977-1-4785763, e-mail : maoist.hq@gmail.com

सर्वहारा क्रान्तिको विकास सम्भव नरहेको उल्लेख गरेका छन् ।

माओ दिवसको अवसरमा विश्व तथा नेपाली सर्वहारा वर्ग, उत्पीडित जनसमुदाय, सम्पूर्ण समर्थक तथा शुभचिन्तकप्रति पार्टीको तर्फबाट लालसलाम अर्पण गर्दै महासचिव किरणले आज कनै पनि कम्युनिस्ट पार्टी माओवादी नबनी सच्चा क्रान्तिकारी बन्नै नसक्ने दाबी गरेका छन् ।

महासचिव किरणले यस ऐतिहासिक अवसरमा विशेष उत्सवका रूपमा माओविदस मनाउन र माओले देखाएको बाटोमा निरन्तर लागिरहन सबै पार्टीका कमरेडहरूसित अनुरोध गर्दै वक्तव्यमा लेखेका छन्, ँयतिबेला नेपालमा साम्राज्यवादी तथा विस्तारवादी उत्पीडन एवम् हस्तक्षेप बढ्दै गएको छ र त्यसलाई प्रतिक्रियावादमा पतन हुन पुगेको संशोधनवादले साथ दिइरहेको छ । लिम्पियाधुरा, कालापानी र लिपुलेक क्षेत्रलाई भारतीय विस्तारवादले आफ्नो नक्सामा पारेर नेपालको राष्ट्रिय स्वाधीनता र भौगोलिक अखण्डतामाथि सिधा हस्तक्षेप गरेको वर्तमान सन्दर्भमा कम्युनिस्ट नामको वर्तमान प्रतिक्रियावादी सरकारले कालापानीबाट भारतीय सेना हटाउन र लिम्पियाधुरा, सुस्ता लगायतका अतिक्रमित भूभाग फिर्ता गर्नका लागि कुटनीतिक पहल बढाउनुको साटो अतिक्रमणको देखावटी विरोध गरेर वास्तवमा भारतीय विस्तारवादको चाकडी गर्न गएको छ भने अर्कोतिर अमेरिकी सैन्य रणनीतिको अंश रहेको एमसीसीलाई सदनबाट पारित गर्ने दुष्प्रयाश गर्दै अमेरिकी साम्राज्यवादका सामु लम्पसार पर्न गएको छ ।

आज विश्वभरि दक्षिणपन्थी संशोधनवादीहरू प्रतिक्रियावादमा पतन भएर नवउदारवादका पक्षपोषक बन्न गएका छन् । यो बेला सच्चा माओवादीहरूले संशोधनवादलाई नाङ्गेभार नपारी विश्व सर्बहारा क्रान्तिको विकास संभव छैन । यस स्थितिमा कथित कम्युनिस्ट सरकारको भण्डाफोर गर्दै दलाल तथा नोकरशाही पुँजीवाद, सामन्तवाद, साम्राज्यवाद तथा विस्तावादका विरुद्ध नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवाद तथा साम्यवादतर्फ दृढताकासाथ अगाडि बढ्नुमा नै माओदिवस मनाउनुको विशेष ऐतिहासिक अर्थ र महत्व रहन्छ ।

## अखिल (क्रान्तिकारी)ले बुझायो सैनामैना नपामा ज्ञापन पत्र



बुटवल । अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन क्रान्तिकारी,रूपन्देहीले सैनामैना नगरपालिकाका प्रमुख चित्रबहादुर कार्कीलाई आज ज्ञापन पत्र बुझाएको छ । मोहन बैद्य नेतृत्वको पार्टी नेकपा क्रान्तिकारी माओवादी निकट विद्यार्थी संगठनले प्रमुख कार्कीलाई आज ज्ञापन पत्र बुझाएको हो । संगठनका केन्द्रीय सचिव महेश श्रेष्ठ,रूपन्देही अध्यक्ष सग्राम भ्यू थापा,रुषपेन्द्र गाहा,खुमबहादुर गाहा सम्मिलित प्रतिनीधि मण्डलले कार्कीलाई ज्ञापन पत्र बुझाएको सचिव श्रेष्ठले जानकारी दिनुभयो ।

कार्कीलाई बुझाएको चार बुंदे ज्ञापनपत्रमा नगरपालिकाले खेलकुद र अन्य प्रयोजनका लागि लिएको पर्रोहा माविको सांढे ३ बिघा जग्गा तत्काल फिर्ता गर्नुपर्ने,संस्थागत विद्यालयले लिएको वढि शुल्क फिर्ता गराई सम्बन्धित स्कूललाई कारवाही गर्नुपर्ने,दश प्रतिशत छात्रवृत्ति कार्यान्वयन गर्नुपर्ने र राज्य कोषबाट तलब खाएका र जनप्रतिनीधिका छोराछोरीलाई सामुदायिक विद्यालयमा पठनपाठन गर्नुपर्ने रहेका छन् ।संगठनले बुझाएको मागको सुनुवाई नभए सशक्त आन्दोलनमा उत्रिने यूनियनले चेतावनी दिएको छ ।

# नेपालीहरूले अब नयाँ खालले भियतनामी युद्ध लड्नु पर्दछ

*अन्तर्राष्ट्रिय अदालतसम्म पनि पुग्नूपर्दछ । यो राष्ट्रघाती दलाल सरकारले यो समस्याको समाधान गर्ला भनेर आशा गर्ने ठाउँ छैन । यसकारण हाम्रा यि माथिका भूभागसहित सम्पूर्ण भारतबाट अतिक्रमित भूभाग फिर्ता गर्नको लागि सम्पूर्ण देशभक्त नेपालीहरू एकजुट भइ यस घटनालाई अन्तर्राष्ट्रियीकरण गरेर सडकसङ्घर्षको आँधिबेहरी सृष्टि गरेर जसरी भियतनामिहरूले अमेरिकीहरूलाई बाँदर लखेट्दा झैँ लखेटेर धुलो चटाए*



● घननाथ सापकोटा ●

२०७६ साल कार्तिक १८ गते सबेरै नेपाली जनता उठ्दा नउठ्दै एक समाचार व्यापक बनेर देसैभरी फैलिइरहेको थियो । त्यो के भने नेपाली भूमि- कालापानि, लिम्पियाधुरा र लिपुलेक भारतले आफ्नो नक्सामा समावेश गरेर सार्वजनिक गर्‍यो । वर्षौंदेखि भारतले उक्तभूमि आफ्नो पोल्टामा पार्नको लागि विभिन्नखाले हस्तक्षेपका हर्कतहरू गरिरहेको थियो । नरेन्द्र मोदीले भारतका प्रधानमन्त्री दुइ चार पटक नेपालको भ्रमण गरे । उनले एक बटालियन भारतीय कमाण्डो सेनासहित लावालष्कर लिएर नेपालको हिमाल मुक्तिनाथसम्मको भ्रमण गरे । मोदीलाई नेपालका शासकहरूले रातोकार्पेट विच्छ्याएर गर्नुसम्मको स्वागत गरे । मोदीले नेपालका संसदीय पार्टीका नेताको मुटु एकएक गरेर छाम्ने काम गरे । साथै उनले नेपालका प्राकृतिक स्रोत र साधन आफ्नो पोल्टामा पार्न विभिन्न गोप्य सहमति पनि गरे । जसलगत्तै अति सस्तोमा प्रशस्त बिजुली उत्पादन गर्न सकिने भनिन्छ सुनको अण्डा दिने अरुण तेस्रो केपीओलीले मोदीलाई बुझाए । घटना यतिमात्र हैन नेपालका शासहरूले सत्ताकोलागि देसलाई दाउमा राख्ने चलन नौलो होइन । मातृकाप्रसाद कोइरालाले कोशीनदी भारतलाई बुझाए । विश्वेश्वरप्रसाद कोइरालाले गण्डकी बुझाए, शेरबहादुर र खड्ग ओली मिलेर माहाकाली बुझाए, सुशील कोइरालाले कर्णाली बुझाए । डा. बाबुराम भट्टराईले बिप्पाजस्तो राष्ट्रघाती सन्धि गरेर मैले जुवा खेलैं भनेर भने उता प्रचण्डले भारत गएर हालसम्म गरिएका पूर्व राष्ट्रघाती सन्धि सम्झौता सबै कार्यान्वयन गर्ने २५ बुँदे सम्झौता गरेर आए । यि सबै घटना विशेषबाट मोदीलाई नेपालको केहि भूभाग हात लगाउने हिम्मत बडेर आयो । जसअनुरूप अत्यन्तै सामरिक महत्वको भूमि कालापानी, लिपलेक, लिम्पियाधुरा आफ्नो नक्सामा पारेको देखिन्छ । अझ अगाडी विचार गर्दा खड्ग ओलीसङ्ग गोप्य सहमति नै गरेर यो काम गरेको सङ्केतहरू पनि बाहिर आउन थालेका छन् । आफ्नो राष्ट्रियताको पक्षमा उभिने नेपाली जनतालाई भारतले गोली हानेर मार्ने काम गर्दछ । पश्चिम कञ्चनपुरमा गोविन्द गौतमहरूको हत्या गर्‍यो भने पुर्वमा देवनारायण यादवहरूको टाउको फोरियो, पर्सा जिल्लाको ढोरीको ढटेखोलामा नेपाली सुरक्षाकर्मीसहित नेपाली जनताको टाउको फोरिएको छ । यि त प्रतिनिधिमूलक घटनामात्र हुन् । भारतको ज्यादती त कति छ कति । नेपाली भुमि कालापानीमा सन् १९६६ देखि भारतीयसेना बसिरहेको छ । कालापानी, लिपुलेक र लिम्पियाधुरा बैदेशिक व्यापारिक, धार्मिक र पर्यटकीय दृष्टिकोणले अत्यन्त सामरिक महत्वको भुमि हो । यसैकारण उक्त भुमिलाई मोदीले गिद्धेनजर लगाएका छन् । मोदी आफ्नो प्रधानमन्त्रीकालमा छिमेकी देशहरूलाई केहि न केहि हस्तक्षेप गर्ने योजना बमोजिम कश्मिरको विशेष अधिकार खोसियो । पाकिस्तानको सीमाका कतिपय ठाउँमा सीमा अतिक्रमण गरेको छ । नेपालमा पनि सके सबै नेपालको अस्तित्व समाप्त पार्ने नसके केहि प्रतिशत भुभागमा कब्जा जमाउने र अन्त्यमा सिङ्गो सार्वभौमसत्ता निल्ने षड्यन्त्र बमोजिम नै यहि २०७६ साल कार्तिक १८ गते नेपालीभुमि कालापानी, लिपुलेक र लिम्पियाधरा भारतको नक्सामा पारेर सार्वजनिक गर्ने काम भारतले गर्‍यो । जुन घटनाले जो कोही देसप्रति माँया गर्ने नेपालीको भावनामा ठुलो चोट परेको छ । देसैभरि विरोधका स्वरहरू गुञ्जीरहेका छन् ।

नेपालका सत्तासीन पार्टीले गोहीको आँसु झारिरहेका छन् । भातृसङ्गठनलाई विरोध गरेजस्तो गर्न लगाएका छन् । मधेसी पार्टीहरूले मुख खोलेका छैनन् । “रोम जलिरहेछ निरो बाँसुरी बजाइरहेछ” यति ठुलो देसमाथि हस्तक्षेप भएको बेलामा कथित उपनिर्वाचन गर्ने र भारतसङ्ग वार्ता हुँदै छ, सिमानिरीक्षणसमिति गठन भएको छ भन्ने कुप्रचार गरेर नेपाली जनतालाई अल्मल्याउन खोजिँदै छ । यस घटनालाई नेपाल कम्यनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) का केन्द्रिय महासचिव मोहन वैद्य किरणले कडा विज्ञप्ति कार्तिक २० गते नै जारी गर्ने काम भयो । कार्तिक २० गते नै नेकपा (क्रान्तिकारीी माओवादी) को क्रान्तिकारी मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालले विरोध जुलुसका साथै काठमाण्डुको शान्तिवाटीकामा विरोधसभा सम्पन्न गर्‍यो । त्यस्तै कार्तिक २१ गते प्रशासनको दमनको बाबजुद चितवनमा पनि विरोध जुलुससहित पुलचोक र लायन्सचोकमा विरोधसभा सम्पन्न भयो साथै मोदीको पुत्ला जलाउने काम भयो । यसैगरी नेकपा (क्रान्तिकारी माओवादी) समर्थित क्रान्तिकारी मोर्चा र भातृसङ्गठनले बाँके, बर्दिया, दाङ, कैलाली, कञ्चनपुर र दार्चुलामा पनि विरोधका कार्यक्रम निरन्तर भइरहेका छन् । यो समस्या दिर्घकालीन रूपमा समाधान नहुँदासम्म देसभक्तिपुर्ण विरोध र सङ्घर्षका कार्यक्रमहरू निरन्तर जारी राख्नु पर्दछ । उता भारतले यो कालापानी, लिम्पियाधरा र लिपलेक भारतकै भूमि हो हिजोदेखिनै यि भुमिहरू भारतकै नक्सामा थिए भनेर यि नेपालीभुमि निलेरै छाड्ने षड्यन्त्र गरिरहेको छ । यो घटनालाई तुरुन्त वर्तमान सरकारले सरकारीस्तरबाट कुटनैतिक तवरबाट समस्याको समाधान खोज्नु पर्दछ । यदि दुइदेसको बिचबाट उक्त समस्याको समाधान हुन सक्दैन भने यसलाई अन्तर ाष्ट्रियीकरण गर्नुपर्दछ । संयुक्तराष्ट्रसङ्घसम्म पनि पुगेर समाधान खोज्नु पर्दछ । अन्तर्राष्ट्रिय अदालतसम्म पनि पुग्नूपर्दछ । यो राष्ट्रघाती दलाल सरकारले यो समस्याको समाधान गर्ला भनेर आशा गर्ने ठाउँ छैन । यसकारण हाम्रा यि माथिका भूभागसहित सम्पूर्ण भारतबाट अतिक्रमित भूभाग फिर्ता गर्नको लागि सम्पूर्ण देशभक्त नेपालीहरू एकजुट भइ यस घटनालाई अन्तर्राष्ट्रियीकरण गरेर सडकसङ्घर्षको आँधिबेहरी सृष्टि गरेर जसरी भियतनामिहरूले अमेरिकीहरूलाई बाँदर लखेट्दा झैँ लखेटेर धुलो चटाए । त्यसैगरी हामीले पनि भारतलाई धुलो चटाउनै पर्दछ । राष्ट्रियताका कार्यक्रममा नेपालको प्रशासन दमनमा उत्रेको छ । देसभक्तिपुर्ण आन्दोलनलाई दमन गर्नुको साटो नेपालराष्ट्रको ढुकुटीबाट तलब खाएका सेना, प्रहरीलाई आफ्नो सिमासुरक्षाको लागि सिमातिर पठाउनु नै देसप्रतिको सच्चाकर्तव्य हुँन आउँछ । चेतना भया !!!

*भरतपुर-१४, २०७६/०८/०८*

**सन्दर्भ १२७ औं माओ जयन्ती**

# विश्व कम्युनिस्ट आन्दोलनमा माओका योगदानहरू



● हस्तबहादुर केसी ●

यही २०१९ डिसेम्बर २६ का दिन विश्व सर्वहारावर्ग तथा उत्पीडित जनसमुदायले विश्वसर्वहारावर्गका महान् नेता तथा चिनियाँ कम्युनिस्ट पार्टीका अध्यक्ष एवं माओवादका क. माओत्सेतुङको १२७औं जन्मजयन्ती बडो धुमधामका साथ मनाए र माओवादीको रक्षा, प्रयोग र विकास गर्ने कुरामा दृढ प्रतिबद्धता जाहेर गरे ।

क. माओको यस १२७औं जन्मजयन्तीको अवसरमा क. माओले मार्क्सवादका तीन संघटक अंग दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका क्षेत्रमा पुऱ्याएका योगदानका बारेमा यस लेखमा संक्षिप्त र सूत्रबद्ध रूपमा उल्लेख गर्ने प्रयत्न गरिएको छ ।

**माओवादको प्रतिपादनका ऐतिहासिक आधारहरू**

लेनिनको नेतृत्वमा रुसमा समाजवादी क्रान्ति सम्पन्न भयो र  त्यसद्वारा समाजवादी क्रान्तिको आम कार्यदिशा तथा नीति स्थापित हुन पुग्यो ।  तर एसिया, अफ्रिका तथा दक्षिण अमेरिकाका अविकसित मुलुकहरूमा क्रान्तिलाई कसरी अगाडि बढाउने भन्ने समस्या पैदा र यस समस्याको समाधानः गर्ने ऐतिहासिक आवश्कता अनुसार माओले वैचारिक तथा सैद्धान्तिक मान्यता विकसित गर्नु भयो ।

रुसमा समाजवादी निर्माणका कामलाई कसरी अगाडि बढाउने भन्ने बारेमा गंभीर समस्या पैदा भए र यसै प्रक्रियामा त्यहाँ पुँजीवादको पुनः स्थापना कसरी रोक्ने भन्ने समस्या पैदा भए । रुसमै आधुनिक संशोधनवाद पैदा भयो र त्यसबाट अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा गंभीर प्रभाव पऱ्यो । त्यस स्थितिमा माओले रुसमा पूँजीवाद विरोधी संघर्ष लगायतका विषयमा आधारित समस्यालाई गंभीरतापूर्वक आत्मसात् गरी तिनको सैद्धान्तिक समाधान प्रस्तुत गरी अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा सही दिशा तथा नेतृत्व प्रदान गर्ने काममा महत्वपूर्ण योगदान पुऱ्याउनु भयो ।

यसगरी चीनमा समाजवादी निर्माण कालमा पैदा भएका गंभीर समस्यामाथि ध्यानदिंदै पूजीँवादको पुनः स्थापना रोक्न र विश्वदृष्टिकोणकै समस्याको समाधान गर्नका लागि सैद्धान्तिक आधार निर्माण गरी क्रान्ति तथा आन्दोलनको नेतृत्व गर्ने कार्यमा महत्वपूर्ण योगदान गर्नु भयो ।

उक्त सन्दर्भमा मार्क्सवाद- लेनिनवादलाई थप विकास गर्न आवश्यकता पैदा भयो र त्यसै पृष्ठभूमिमा क. माओद्वारा माओवादका प्रतिपादन भयो ।

**सैद्धान्तिक क्षेत्रमा माओका योगदान**

*दर्शनको क्षेत्र*

दर्शनको फाँटमा माओले द्वन्द्ववादको आधारभूत नियमका रूपमा विपरीतहरूको नियमलाई स्थापित तथा विकसित गर्नुभयो । यसै क्रममा वहाँले द्वन्द्ववादलाई अन्तविरोधको नियमका रूपमा नयाँ उँचाइ प्रदान गर्नुभयो ।

दर्शनमा मार्क्सवादको पक्षपोषण र संशोधनवादको विरोधको क्रममा दुईको एकसमायोजनका विरुद्ध 'एकको दुईमा विभाजन' का रूपमा विपरीतहरूको एकत्वको नियमलाई अझै परिमार्जित तथा समृद्ध तुल्याउनु भयो ।

ज्ञानसिद्धान्तका क्षेत्रमा क. माओले व्यवहारलाई आधार बनाई वर्गसंघर्ष, उत्पादनको निमित संघर्ष र वैज्ञानिक प्रयोगलाई ज्ञानको स्रोतका रूपमा विकसित गर्नु भयो र ज्ञानको कसौटीका रूपमा व्यवहारलाई स्थापित गर्नु भयो । त्यति मात्र होइन, क. माओले पदार्थबाट चेतना र चेतनाबाट पदार्थमा जाने ज्ञानको दुई छलाङ्गको सिद्धान्तलाई विकसित तुल्याउनु भयो ।

क. माओले ऐतिहासिक भौतिकवादको क्षेत्रमा उत्पादन शक्ति र उत्पादसम्बन्ध, आधार र उपरिसंरचना तथा व्यवहार र सिद्धान्तका बिचको द्वन्द्वात्मक सम्बन्धलाई विकसित तुल्याउनु भयो । उहाँले उत्पादन शक्ति, आधार तथा व्यवहारले समग्रमा निर्णायक भूमिका निर्वाह गरे पनि कुनै खास परस्थितिमा उत्पादन सम्बन्ध, उपरिसंरचना तथा सिद्धान्तको पनि मुख्य भूमिका हुने कुरा बताउनु भयो

**राजनीतिक अर्थशास्त्रको क्षेत्र**

राजनीतिक अर्थशास्त्रको क्षेत्रमा माओले सर्वप्रथम वर्गविश्लेषणमा जोड दिनुभयो र अर्धसामन्ती, अर्धऔपनिवेशिक वा औपनिवेशिक अवस्थामा रहेका मुलुकहरूमा नोकरशाही तथा दलाल पुँजीपति र जमिनदारवर्ग दुश्मन वर्ग र राष्ट्रिय पुँजीपतिलाई मित्रवर्गका रूपमा लिँदै मजदुर वर्गको नेतृत्वदायी र किसान वर्गको महत्वपूर्ण भूमिका हुने कुरा बताउनु भयो ।

क. माओले उक्त अवस्थामा रहेका मुलुकहरूमा सामन्तवाद र साम्रूाज्यवादको गठबन्धनको बिचबाट नोकरशाही पूँजीवाद जन्मिएको मान्यता प्रतिपादन गर्नुभयो ।

क. माओले दोस्रो विश्वयुद्ध पश्चात् नवउपनिवेशवाद विकसित भएको कुरा संश्लेषित गर्नु भयो । क. माओले समाजवादी निर्माण कालमा सोभियत अर्थतंत्रको समीक्षा गर्नुभयो । साथै चिनियाँ समाजवादी क्रान्तिकालमा दश प्रमुख सम्बन्धहरूको व्याख्या गरी कृषिलाई आधारभूत र उद्योगलाई नेतृत्वकारी भूमिका प्रदान गर्नुपर्ने कुरामा जोड दिनुभयो । साथै, वहाँले क्रान्तिलाई पकड र उत्पादनलाई बढाऊ, लाल र निपुण बन, योजनाबद्ध रूपमा अर्थतंत्रको विकास गर जस्ता मान्यता विकसित गर्नु भै राजनीतिक अर्थशास्त्रका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउनु भयो । ।

**वैज्ञानिक समाजवादको क्षेत्र**

अर्धसामन्ती, अर्धऔपनिवेशिक वा औपनिवेशिक मुलुकहरूका लागि क. माओले नयाँ जनवादको मान्यता प्रतिपादन गर्नु भयो ।

उक्त मुलुकहरूका सन्दर्भमा माओले दीर्घकालीन जनयुद्धको सिद्धान्त विकसित गर्नुभयो । साथै क. माओले समाजवादी क्रान्तिका लागि सर्वहारा अधिनायकत्व अन्तर्गत निरन्र क्रान्ति र महान् सर्वहारा सांस्कृतिक क्रान्तिको सिद्धान्त प्रतिपादन गर्नुभयो । माआलेले क्रान्तिका लागि तीन जादुगी हतियारको मान्यता प्रतिपादन गर्नु भै राज्यसत्ता बन्दुकको नालबाट जन्मछ भन्ने संश्लेषण गर्नुभयो । माओले जनदिशाको मान्यता विकासित गर्नु भयो ।

अन्ततः माओले साम्राज्यवाद र संशोधनवादका विरुद्धको संघर्षको प्रक्रियामा दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवाद जस्ता मार्क्सवाद र लेनिनवादका तीन संघटक अंगलाई मार्क्सवाद- लेनिनवाद - माओवादको समग्रतामा गुणात्मक रूपमा विकसित गर्नु भयो ।

***माओवादका सार्वभौम पक्षहरू***

माओका सैद्धान्तिक योगदान कुनै देशविशेषका मात्र नभई विश्वकै क्रान्ति र कम्युनिष्ट निम्ति सार्वभौम बन्न गएका छन् । अब विश्वसर्वहारा वर्गको पथप्रदर्शक सिद्धान्त र समग्रमा मार्क्सवाद- लेनिनवाद- माओवादका रूपमा एक अखण्ड एकाइ बन्न गएको छ र त्यो विकासको तेस्रो, नयाँ र उच्च चरणमा विकसित हुन पुगेको छ । यसरी मार्क्सवाद - लेनिनवाद- माओवाद विश्वसर्वहारा वर्ग र उत्पीडित जनसमुदायको क्रान्तिको एक समग्र विज्ञान बन्न गएको तथ्य वैज्ञानिक रूपमा पुष्टि हुन पुगेको छ ।

# जनवादी केन्द्रीयता बारे

*(चिनियाँ कम्युनिष्ट पार्टीको केन्द्रीय कमिटीद्वारा आयोजित विस्तारित कार्यकारी सम्मलेलनमा ३० जनवरी, १९६२ मा गर्नुभएको माओ त्से तुङको भाषणको अंश)* ***अनुवादक : देवेन्द्र तिम्ला***

यस्तो लाग्दछ कि हाम्रा केही कामरेडहरूले अहिले पनि जनवादी केन्द्रीयतालाई त्यस रूपमा बुझ्दैनन जुन रूपमा त्यसलाई मार्क्स र लेनिनले प्रस्तुत गर्नुभएको थियो । यी कामरेडहरूमध्ये केही त पहिले देखि नै खारिएका क्रान्तिकारीहरू पनि छन्, १९३८ को साँचो वा अन्य कुनै साँचोमा ढालिएका- जस्तो भए पनि, उनीहरू कैयौं दशकदेखि कम्युनिष्ट पार्टीका सदस्य छन् र अझै पनि यस प्रश्नलाई बुझ्दैनन् । तिनीहरू जनतासँग डराउँछन्, जनतासँग खुलेर आफ्नो कुरा राख्न डराउँछन्, जनताको आलोचनादेखि डराउँछन् । मार्क्सवादी-लेनिनवादीहरू जनतासँग डराउनुको सम्भावित कारण के हुन सक्दछ ? जसरी यी कामरेडहरूले आफ्ना गल्तीहरूको चर्चा गर्नबाट जोगिन्छन्, त्यसै गरी तिनीहरू जनताद्वारा आफ्नो गल्तीहरूको चर्चा गरिनुबाट पनि डराउँछन् । उनीहरू जति डराउँछन्, त्यति नै तिनीहरूलाई उक्त हौवाले तर्साउँछ । मेरो विचारमा कोही पनि डराउनु पर्दैन । डराउनु पर्ने के कुरा छ ? मेरो विचारमा, सच्चाईको बाटोमा हिंड र गल्तीहरूलाई तुरुन्त सच्याऊ । हाम्रो काममा के सही हो र के गलत हो, के ठीक हो र के बेठिक हो भन्ने कुरा जनता बीचको अन्तरविरोधमा आउँछ । जनता बीचको अन्तरविरोध गाली-गलौज र मुक्का-मुक्कीद्वारा हल हुन सक्दैन, संगिन र बन्दुकद्वारा त कदापी हुन सक्दैन । त्यसको समाधान त केवल बहस-छलफल र तर्कहरूद्वारा, आलोचना एवम् आत्मालोचनाद्वारा हुन सक्दछ । एक शब्दमा, त्यसको समाधान केवल जनवादी पद्धतिद्वारा हुन सक्दछ जहाँ जनतालाई आफ्नो कुरा खुलस्त भन्ने मौका दिइन्छ ।



पार्टी भित्र र बाहिर पूर्ण जनवाद हुनु पर्दछ, अर्थात् जनवादी केन्द्रीयतको पालना दुवै तर्फबाट गरिनु पर्दछ । समस्याहरूलाई कुनै ढाकछोप बिना खुलस्त रूपमा बाहिर ल्याउनु पर्दछ र हामीलाई गालिगलौज नै गर्छन् भने पनि मानिसहरूलाई बोल्ने पुरा अवसर दिनु पर्दछ । यस गालीगजौजको अधिकतम दुष्परिणाम यो हुन सक्ला कि हामीलाई बर्खास्त गरिएला र हामी विद्यमान काममा कायम रहन नसकिएला वा हामीलाई तल्लो कमिटीमा घटुवा गरिएला वा अन्यत्र स्थानान्तरित गरिएला । यसमा त्यस्तो असम्भव कुरा के छ ? कुनै व्यक्तिको केवल बढुवा मात्र किन हुनुपर्छ, घटुवा किन हुनु हुँदैन ? कसैले एकै स्थानमा मात्र किन काम गर्नु पर्छ, अन्यत्र स्थानान्तरण किन हुनु हुँदैन ? मेरो विचारमा चाहे त्यो न्यायसंगत होस् वा नहोस्, तर घटुवा र स्थानान्तरण दुवैको आफ्नै फाइदाहरू छन् । त्यसले मानिसहरूको क्रान्तिकारी इच्छाशक्तिलाई खारेर मजबुत बनाउन मद्दत गर्द र तिनीहरूलाई कैयौं नयाँ स्थितिहरूको छानबिन एवम् अध्ययन गर्ने र अझ बढि उपयोगी जानकारी प्राप्त गर्ने अवसर प्रदान गर्दछ । स्वयम् मैले यसको अनुभव गरेको छु र यसले मलाई धेरै फाइदा भयो । यदि तपाइँलाई मेरो कुरामा विश्वास नलागे यसलाई परीक्षण गरेर हेर्न सक्नुहुन्छ । स्जूमा चिएन१ ले भनेका छन्, 'जब राजा वेन कारागारमा थिए, उनले 'परिवर्तनको पुस्तक' लेखे स जब कन्फूसियस अप्ठ्यारोमा थिए, 'वसन्त एवम् शिशिर आख्यान' लेखे । चू युआनले निर्वासनको क्रममा 'ली साओ' को रचना गरे । त्साचिऊ मिङले आँखाको दृष्टि गुमाएपछि 'कुआ यू' को रचना गरे । युद्ध शास्त्रको पुस्तक लेख्नु अघि सुन त्जु कुँजो बनाइएका थिए । लु पू-वेईलाई शू क्षेत्रमा स्थानान्तरण गरिइए पछि विश्वले उनको रचना 'लु लान' पायो । हान फेईलाई चिन राज्यमा बन्दी बनाउँदा उनले आफ्नो महान् कृतिको दुई अध्यायहरू 'शुई नान' र 'कु फेन' लेखे । 'गीतको पुस्तक' का ३०० कविताहरूमध्ये अधिकांशको रचना मनिषीहरूले आफ्नो दमित कल्पनाशीलतालाई अभिव्यक्ति दिनका लागि गरेका थिए । आधुनिक कालमा मानिसहरूमा यस कुरामा शंका छ कि के वास्तवमा राजा वेनले 'परिवर्तनको पुस्तक' लेखेकका थिए वा कन्फुसियसले 'वसन्त एवम् शिशिर आख्यान'को रचना गरेका थिए र हामी यी उदाहरणहरूलाई पन्छाएर यी समस्याहरूको समाधान विशेषज्ञहरूलाई छाडिदिन सक्दछौं । तर स्जूमा चिएनले यी कुराहरूलाई सही मान्दथे । र यो सही हो कि राजा वेन गिरफ्तार भएका थिए, कन्फुसियस समस्यामा थिए । त्सोचिऊ मिङ अन्धा हुनु बाहेक स्जूमा चिएनद्वारा वर्णित सबै घटनाहरू प्राचीन कालमा मानिसहरूमाथि उनीहरूका उच्च अधिकारीहरूद्वारा राम्रो व्यवहार नगरिनुसँग सम्बन्धित छन् । यस्ता मामिलाहरू पनि छन् जसमा हामीद्वारा पनि केही कार्यकर्ताहरूलाई अनुचित व्यवहार गरिएका थिए, चाहे त्यो व्यवहार पूर्णतः अनुचित रहेको होस् वा केवल आंशिक रूपले, पुनर्परीक्षण पश्चात् प्रत्येक मामिलाको गुण-दोषको आधारमा उनीहरूलाई फेरि बहाल गरिनु पर्दछ । तर, आम रूपमा, यस्ता अनुचित व्यवहार- पदघटुवा वा स्थानान्तरण- ले उनीहरूको क्रान्तिकारी इच्छाशक्तिलाई मजबूत बनाउँछ र उनीहरूलाई जनताबाट धेरै नयाँ ज्ञान ग्रहण गर्न लायक बनाउँछ । यहाँ म स्पष्ट गर्न चाहन्छु कि म आफ्ना कार्यकर्तामाथि त्यस किसिमले अन्धाधुन्ध र अनुचित व्यवहारको वकालत गरिरहेको छैन, जसरी प्राचीन कालमा राजा वेनलाई गिरफ्तार गरिएको थियो, कन्फुसियसलाई दुःख दिइएको थियो र सुन त्जूको घुँडा फुटालिएको थियो । म यस तरिकाको वकालत गरिरहेको छैन, म यसको विरोधी हुँ । मेरो भनाईको तात्पर्य यो हो कि मानव इतिहासको हरेक चरणमा गलत व्यवहारका यस्ता घटनाहरू भइरहेका थिए । वर्गीय समाजमा यस्ता घटनाहरू अनिगिन्ती छन् । समाजवादी समाजमा पनि यस्ता कुराहरूबाट पूर्ण रूपले जोगिन सम्भव हुँदैन । चाहे नेतृत्व सही लाइनमा चलिरहेको होस् वा गलत लाइनमा, यस्ता कुराहरू अपरिहार्य हुन्छन् । तर एउटा फरक हुन्छ । सही लाइन अन्तरगत, गलत व्यवहारवाला मामिलाहरू पत्ता लाग्नासाथ, त्यसको पुनर्परीक्षापछि सम्बन्धित व्यक्तिहरूलाई बहाल गरिन्छ र तिनीहरूसँग त्यस घटनाप्रति खेद व्यक्त गरिन्छ ताकि उनीहरू तनावमुक्त रहुन् र पुनः शिर उठाएर हिंड्न सकुन् । तर गलत लाइन अन्तरगत, यो असम्भव हुन्छ र जनवादी केन्द्रीयताको पद्धतिद्वारा गल्तीहरूलाई उपयुक्त समयमा केवल त्यसले मात्र ठीक गर्न सक्दछ जसले सही लाइनको प्रतिनिधित्व गर्दछ । जहाँसम्म तिनहरूको प्रश्नमा जसले वास्तवमै गल्तीहरू गरेका छन् र कामरेडहरूद्वारा आलोचना तथा उच्चस्तरीय समीक्षा पश्चात् जसको घटुवा वा स्थानान्तरण भएको छ, निस्सन्देह यो घटुवा वा स्थानान्तरणले उनीहरूलाई आफ्नो गल्तहरू सुधार्ने र नयाँ जानकारी प्राप्त गर्नमा सहयोग गर्नेछ ।

वर्तमान समयमा, केही कामरेडहरू जनसाधारणद्वारा बहसको सुरुवात गर्ने र नेतृत्वकारी निकायहरू वा नेताहरूको विचारभन्दा फरक विचार प्रस्तुत गर्न बाट डराउँछन् । जब कुनै समस्यामाथि विचार-विमर्श हुन्छ, तिनीहरूले जनताको पहलकदमीलाई दबाइदिन्छन् र उनीहरूलाई खुलेर बोल्ने अवसर दिंदैनन् । यो दृष्टिकोण घृणित हो । जनवादी केन्द्रीयता हाम्रो पार्टीको विधानमा र राज्यको संविधानमा लेखिएको छ, तर तिनीहरूले यसलाई लागू गर्दैनन् । साथीहरू, हामीहरू क्रान्तिकारी हौं । यदि हामीले साँच्चिकै गल्तीहरू गरेका छौं, यस्ता गल्तीहरू जुन पार्टीको उद्देश्य र जनताका लागि घाटा पुऱ्याउने छ भने हामीले जनसाधारण र कामरेडहरूको राय माग्नु पर्दछ र आत्मालोचना गर्नु पर्दछ । कहिले काहीं यस्तो आत्मालोचना कैयौंपटक दोहऱ्याउनु पर्दछ । यदि एक पटक पर्याप्त नभएमा र मानिसहरू सन्तुष्ट भएनन् भने यो दोस्रो पटक पनि गर्नु पर्दछ स यदि अझै पनि उनीहरू सन्तुष्ट हुँदैनन् भने यसलाई तेस्रो पटक पनि गर्नु पर्दछ स यसलाई त्यसबेलासम्म जारी राख्नु पर्दछ जबसम्म कसैको पनि कुनै आलोचना बाँकी रहँदैन । केही प्रान्तीय पार्टी कमिटीहरूले यस्तै गरेका छन् । केही प्रान्तहरूले केही पहलकदमी देखाएका छन् र मानिसहरूलाई खुलेर बोल्ने अवसर दिएका छन् । चाँडै गर्नेहरूले १९४९ मा आत्मालोचना सुरु गरेका थिए, ढिला गर्नेहरूले १९६१ मा सुरु गरेका छन् । होनान, कानसू र चिङहाई जस्ता केही प्रान्तहरू आत्मालोचनाको लागि बाध्य हुनुपऱ्यो । केही मानिसहरूको भनाई छ कि केही अन्य प्रान्तहरूमा अब आएर आत्मालोचना सुरु हुँदैछ । तर यसले केही फरक पर्दैन कि तिनीहरूले आफ्नै फहलमा आत्मालोचना सुरु गर्दछन् वा बाध्य भएर, चाँडै सुरु गर्दछन् वा ढिला । यदि उनीहरूले आफ्नो गल्तीहरूमाथि गम्भीर रूपले विचार गर्दछन् र त्यसलाई स्वीकार गरी सुधार्ने तथा जनतालाई आलोचना गर्ने मौका दिनका लागि इच्छुक छन् भने हामीले उनीहरूको स्वागत गर्नु पर्दछ ।

आलोचना र आत्मालोचना एउटा पद्धति हो । यो जनता बीचको अन्तरविरोधहरूको समाधान गर्ने एकमात्र पद्धति हो । अर्को कुनै पद्धति छैन । तर यदि हामीले पूर्ण जनवाद दिंदैनौ र सच्चा जनवादी केन्द्रीयताको पालना गर्दैनौं भने आलोचना-आत्मालोचनाको यो पद्धति लागू गर्न सकिंदैन ।

के यतिबेला हामीसँग पहिले नै प्रशस्त समस्याहरू छैनन् ? यदि हामीले जनतामाथि भरोसा गर्दैनौं र जनता तथा कार्यकताहरूमा उत्साह जगाउँदैनौं भने यी समस्याहरूबाट पार पाउन असम्भव छ । यदि तपाइँले जनता र कार्यकताहरूलाई परिस्थिति बुझाउनुहुन्न, उनीहरू समक्ष आफ्नो हृदय खोल्नुहुन्न र उनीहरूलाई आफ्नो विचार व्यक्त गर्न दिनुहुन्न, यदि उनीहरू अझै पनि तपाइँसँग डराउँछन् र बोल्ने हिम्मत गर्दैनन् भने उनीहरूमा उत्साह जगाउन असम्भव छ । मैले १९४७ मा भनेको थिएँ कि हामीले ' एउटा यस्तो राजनीतिक स्थिति' को निर्माण गर्नु पदर्छ जसमा केन्द्रीयता र जनवाद, अनुशासन र स्वतन्त्रता, इच्छाशक्तिको एकता र निजी तनावमुक्तता र जीवन्तता दुबैको साथ होओस् ।' हामीले पार्टी भित्र र बाहिर दुबै ठाउँमा यस्तो राजनीतिक स्थितिको निर्माण गर्नु पदर्छ । अन्यथा जनताको उत्साह जगाउन असम्भव हुन्छ । हामीले जनवादबिना समस्याहरूमाथि जीत हासिल गर्न सक्दैनौं । निस्सन्देह, केन्द्रीयताबिना यस्तो गर्न त अझ असम्भव छ । तर यदि जनवाद भएन भने केन्द्रीयता पनि हुन सक्दैन ।

जनवादबिना सही केन्द्रीयता हुन सक्दैन किनकि जब मानिसहरूका बीच आपसमा नितान्त फरक-फरक विचारहरू हुन्छन् र समझदारीमा एकरूपता हुँदैन, तब केन्द्रीयता स्थापित गर्न सकिँदैन । केन्द्रीयताको आशय के हो ? पहिले सही विचारको संकेन्द्रण हुनु पर्दछ । नीति, योजना, आदेश र कामहरूमा समझदारीको एकता सही विचारहरूको संकेन्द्रणमा आधारित हुन्छ । यो केन्द्रीयतको माध्यमद्वारा हुने एकता हो । तर सबै सम्बन्धित मानिस समस्याहरूका बारेमा स्पष्ट छैनन्, यदि उनीहरूको विचार अभिव्यक्त भएको छैन वा तिनीहरूको अक्रोशलाई व्यक्त भएको छैन, तब तपाइँले केन्द्रीयताको माध्यमबाट यो एकता कसरी ल्याउनु हुन्छ ? जनवादबिना अनुभवको सही-सही संकलन असम्भव छ । जनवादबिना, जनताका बीचबाट विचारहरूको प्रभावबिना, सही लाइनहरू, सिद्धान्तहरू,

*बाँकी ७ पेजमा*

# महाश्वेता देवीको 'अक्लान्त कौरव' एउटा पठनीय उपन्यास

*उपन्यासको कथा पश्चिम बङ्गालको भए पनि नेपालको जस्तै छ । नेपालको वाम आन्दोलनको चित्र पनि यस्तै छ । यसै कारण यसबाट नेपाली वामपन्थीहरूले शिक्षा लिन सकुन् र आन्दोलन सही दिशामा अगाडि बढ्न सकोस् भन्ने उद्देश्यले आख्यानकार इस्मालीले यस उपन्यासलाई नेपालीमा अनुवाद गरेर शिखा बुक्सले प्रकाशनमा ल्याएको हो भन्ने देखिन्छ । इस्माली सुप्रसिद्ध आख्यानकार र राम्रो अनुवादक पनि हुन् । अनुवाद आफैमा एउटा कठिन कार्य हो*

● डा.हेमनाथ पौडेल

अक्लान्त कौरव चर्चित भारतीय बङ्गाली लेखिका महाश्वेता देवीको प्रसिद्ध उपन्यास हो । बङ्गाली भाषामा लेखिएको यस उपन्यासको हिन्दी अनुवाद कञ्चनकुमारले सन् १९८१ मा गरेका थिए । अहिले त्यही हिन्दी संस्करणबाट सुप्रसिद्ध आख्यानकार इस्मालीले नेपालीमा अनुवाद गरेर शिखा बुक्सले बजारमा ल्याएको छ ।

महाश्वेता देवी बङ्गाली भाषी विश्वप्रसिद्ध आख्यानकार हुन् । यिनको जन्म सन् १९२६ मा तत्कालीन संयुक्त भारतको ढाकामा भएको हो र यिनले प्रारम्भिक शिक्षादीक्षा पनि ढाकाबाटै प्राप्त गरेकी हुन् । पछि कलकत्ता बसाइ सरेपछि यिनले सुप्रसिद्ध साहित्यकार रवीन्द्रनाथ टैगोर र हजारीप्रसाद द्विवेदीसँग स्कुलमा शिक्षा प्राप्त गर्ने अवसर पाएकी हुनाले उनीहरूबाटै साहित्यमा लाग्ने प्रेरणा पनि प्राप्त गरेकी हुन् । शिक्षित, साहित्यिक, समाजसेवी एवं वामविचारधारामा आस्था राख्ने परिवारमा जन्मेकी हुनाले यिनी वैचारिक लेखक, साहित्यकार, पत्रकार र आन्दोलनकारीका रूपमा अगाडि बढिन् । यिनका पिता मनीष घटक कवि, उपन्यासकार थिए भने आमा धरित्री देवी पनि एक लेखिका र सामाजिक कार्यकर्ता थिइन् । यही वातावरणको प्रभावस्वरूप महाश्वेता देवीले सानैदेखि साहित्यिक वैचारिक रचनाहरू लेख्न थालेकी हुन् । रवीन्द्रनाथको 'छेलेबेला' कविताको समीक्षा गरेर पहिलोपल्ट साहित्यिक क्षेत्रमा उदाएकी महाश्वेताले सुरुमा कविता लेखे पनि पछि लेखनको मूल विधा आख्यानलाई बनाइन् र प्रसिद्धि पनि प्राप्त गरिन् । उनका सयवटा उपन्यास र बिसवटा कथासङ्ग्रह प्रकाशित छन् । यीमध्ये केही प्रसिद्ध उपन्यास र कथाहरू हिन्दीका साथै भारतीय विभिन्न भाषाहरू र विश्वका कैयौँ भाषामा अनुवाद भएका छन् । यीमध्ये चालिसको दशकमैं यिनको नक्सलवादी आन्दोलनसँग सम्बन्धित उपन्यासको नेपाली अनुवाद हजार चौरासियौंकी आमा पाठकहरूका माझ आएको थियो । कुनै कम्युनिस्ट पार्टीको सदस्य नभए पनि वामविचारधाराप्रति प्रतिबद्ध महाश्वेताले सुरुका अवस्थामा बेरोजगारी, बर्खास्ती र सरकारको वक्रदृष्टिका कारण जीवनमा अनेक हन्डर, ठक्कर र आर्थिक कठिनाइ बेहोर्नु परेको थियो । पछि अङ्ग्रेजी साहित्यमा स्नातकोत्तर गरी प्राध्यापन पेसामा लागे पनि उनको व्यक्तिगत जीवन भने त्यति व्यवस्थित हुन सकेको पाइन्न । उनी सधैँ जनताका पक्षमा उभिइन् र आदिवासी जनजातिका मुद्दालाई लिएर आन्दोलनरत रहिन् तथा आफ्ना साहित्यमा पनि तिनकै विषयलाई कथ्य विषय बनाइन् । उनी बंगाल, विहार, झारखण्ड, उडिसा, मध्यप्रदेश, छत्तिसगढ आदि क्षेत्रका सीमान्तीकृत एवं आदिवासी जनता र समस्त भारतीय शोषित, पीडित, एवं पिछडिएका जनताकी अभिभावक नै बनिन् र महान् आख्यानकारका रूपमा विश्वप्रसिद्ध बन्न सफल भइन् । उनका आदिवासी जनजातिका बारेमा लेखिएका कथा र उपन्यासहरू विश्वप्रसिद्ध बनेका छन् । उनको ९० वर्षको उमेरमा २८ जुलाई २०१६ मा निधन भयो ।

महाश्वेता देवीका उपन्यासहरू अन्यायका विरुद्ध जनताका सङ्घर्षका महत्त्वपूर्ण दस्तावेज बनेका छन् । उनको पहिलो उपन्यास नाती १९५७ मा प्रकाशित भएको थियो । यसपछि उनका सयवटा उपन्यासहरू प्रकाशित भएका पाइन्छन् । यीमध्ये अग्निगर्भ, चोट्टी मुंडा और उसका तीर, अक्लान्त कौरव, जङ्गलके दाबेदार, रानी लक्ष्मीबाई, हजार चौरासियौंकी मां आदि हिन्दीमा अनुवाद भएका प्रसिद्ध उपन्यास हुन् । उनका उपन्यासमा भारतीय समाज व्यवस्थाको सजीव चित्रण पाइन्छ । उनले अन्याय, अत्याचारमा परेका र शोषित पीडित जनताका कथालाई आफ्ना रचनामा स्थान दिएकी छन् । उनको जङ्गलके दाबेदार (अरण्येर अधिकार) उपन्यास ब्रिटिस साम्राज्यवादका विरुद्ध विरसा मुन्डाको विद्रोहको कथा हो । यसमा समाजमा व्याप्त मानवीय शोषण र त्यसका विरुद्ध उठेको विद्रोहको कथा छ । यसलाई समीक्षकहरूले अमेरिकी अख्यानकार हावर्ड फास्टको स्पार्टाकससँग तुलना पनि गरेका छन् । आदिवासी जनजातिकी सहयात्री बनेकी महाश्वेताले तिनीहरूका दुःखपीडा र व्यथालाई कथ्य बनाएर कैयौँ रचनाहरू लेखेकी छन् । उनले जल, जङ्गल र जमिनको लडाइमा नै सारा समय खर्च गरेकी छन् । उनले खासगरी पश्चिम बङ्गालका दुई जनजाति 'लौधास' र 'सबर' का सम्बन्धमा विशेष काम गरेकी छन् । उनको सारा जीवन आदिवासी जनजातिका समस्यामा केन्द्रित साहित्य साधनामा नै बितेको पाइन्छ । उनका उपन्यास मात्र होइन, थुप्रै कथाहरू आदिवासीलाई नै केन्द्र बनाएर लेखिएका छन् । उनी पद्म भूषण, मेग्सेसे, भारतीय ज्ञानपीठ लगायतका प्रसिद्ध पुरस्काका साथै अन्य धेरै पुरस्कारबाट पुरस्कृत र सम्मानित भएकी छन् । महाश्वेता देवी जनताकी महान् साहित्यकार हुन् ।

अक्लान्त कौरव महान् आख्यानकार महाश्वेता देवीको बङ्गाली भाषामा लेखिएको र हिन्दी र नेपालीमा अनुवाद गरिएको उपन्यास हो । यो भारतको बङ्गाल राज्यका आदिवासी ग्रामीण सन्थाल जातिको सामाजिक कथामा उनिएको तथा वामपन्थी सरकारको वैचारिक, व्यावहारिक एवं आचरणगत विचलनसँग सम्बन्धित उपन्यास हो । महाश्वेताले यो उपन्यास लेख्दाताक पश्चिम बङ्गालमा मार्क्सवादी कम्युनिस्ट पार्टीको सरकार थियो । भारतको बङ्गालमा माकपाले १९७७ देखि २०११ सम्म ३४ वर्षसम्म शासन गर्दा सुरुका दिनमा सुधारका कार्यहरू भए पनि पछिल्ला दिनमा जनहितमा खासै कामहरू हुन नसकेकाले जनता असन्तुष्ट बनेका थिए । पार्टीका अधिकांश नेता, कार्यकर्ता र बुद्धिजीवीहरू सुविधाभोगी, अवसरवादी र विचारविहीन बन्दै गएका थिए तथा जनताका हितमा काम गर्ने केही कर्मठ र निष्ठावान् कार्यकर्ताहरूलाई चाहिँ पाखा लगाउने, षड्यन्त्रको सिकार बनाउने जस्ता काम भएका थिए । सरकारभित्र प्रतिक्रियावादीहरूको घुसपैठ बढेकाले सरकार कमजोर बन्दै गएको थियो । परिणामस्वरूप पछि तृणमूल कांग्रेसलाई जनताले रोजेकाले वामपन्थी सरकारको सत्ताबाट बहिर्गमन पनि भयो । यही पृष्ठभूमिमा यो उपन्यास लेखिएको छ र यिनै समस्याहरूलाई यस उपन्यासले कथ्य विषय बनाई यथार्थ चित्रण गरेको छ । पश्चिम बङ्गाल सरकारले खेतीयोग्य जमिनलाई बाँड्ने 'अप्रेसन वर्गा' कार्यक्रम ल्याउँदा आदिवासी जनजाति सन्थाहरू भने त्यसबाट वञ्चित गराइएका थिए । यसमा उनीहरूले न्यायका निम्ति लडाइ लड्नु परेको थियो । यो लडाइका क्रममा उनीहरूले के कस्तो समस्या झेल्नु पर्‍यो र उनीहरूका विरुद्ध के कस्ता षड्यन्त्रहरू गरिए भन्ने कुरा पनि यस उपन्यासमा आएको छ । यो उपन्यास आदिवासी सन्थालहरूले न्यायका निम्ति गरेको सङ्घर्षको कथा हो । यसमा त्यसवेलाको वामराजनीतिक वृत्तमा रहेको परस्पर द्वन्द्वको कथा पनि छ । उपन्यासमा एकातिर अनुसन्धानका नाममा जनताको एकता र अभियानलाई समाप्त गर्ने काममा लागेका द्वैपायन सरकार जस्ता अवसरवादी अनुचर वुद्धिजीवी र सानी बज्रपाणी जस्ता अन्तर्राष्ट्रिय एजेन्ट छन् भने अर्कातिर दिलिप सोरेन र इन्द्र प्रामाणिक जस्ता अनुशासित, कर्तव्यनिष्ठ र जुझारु कार्यकर्ता पनि छन् । यो इमान्दार कार्यकर्ता र बेइमान कार्यकर्ताका बिचको सङ्घर्षको कथा पनि हो । यिनीहरूकै बिचको द्वन्द्वमा उपन्यासको कथावस्तु अगाडि बढेको छ । वामपन्थीहरूको सरकार भएर पनि ग्रामीण क्षेत्रका जनताले दुरवस्थामै रहनुपरेको र सरकारले आफ्नो घोषणा पत्रअनुसार काम गर्न नसकेको यथार्थलाई यस उपन्यासले उजागर गरेको छ । प्रतिक्रियावादीहरू जनताका विरुद्धमा कसरी षड्यन्त्र गर्छन् र कम्युनिस्टहरू कसरी थाहै नपाई प्रतिक्रियावादीहरूको षड्यन्त्रमा फस्न पुग्छन् भन्ने कुरा यस उपन्यासले प्रस्तुत गरेको छ । यो भारतको पश्चिम बङ्गालमा ३७ वर्षसम्म सत्तासीन रहेको वामपन्थी सरकारको असफलताको कथा हो । संवादात्मक शैलीमा लेखिएको यस उपन्यासको विषय वस्तु यथार्थपरक भएर पनि यसको आख्यान निकै रोचक र आकर्षक बनेको छ । महाश्वेता देवीका अन्य कतिपय उत्कृष्ट उपन्यासका समकक्षमा यो पुग्न नसके पनि यसले कथावस्तु, पात्र र परिवेशको विन्यासमा होस् वा वैचारिक प्रक्षेपणमा समाजवादी रचनाविधानलाई अङ्गीकार गरेकाले यो वैचारिक उपन्यास हो

उपन्यासको कथा पश्चिम बङ्गालको भए पनि नेपालको जस्तै छ । नेपालको वाम आन्दोलनको चित्र पनि यस्तै छ । यसै कारण यसबाट नेपाली वामपन्थीहरूले शिक्षा लिन सकुन् र आन्दोलन सही दिशामा अगाडि बढ्न सकोस् भन्ने उद्देश्यले आख्यानकार इस्मालीले यस उपन्यासलाई नेपालीमा अनुवाद गरेर शिखा बुक्सले प्रकाशनमा ल्याएको हो भन्ने देखिन्छ । इस्माली सुप्रसिद्ध आख्यानकार र राम्रो अनुवादक पनि हुन् । अनुवाद आफैमा एउटा कठिन कार्य हो । अनुवाद गर्दा अनुवादकमा स्रोत भाषा र लक्ष्य भाषा दुवैको राम्रो ज्ञान हुनु आवश्यक छ । प्रस्तुत उपन्यास पढ्दा यो अनुवाद हो भन्ने अनुभूति हुँदैन, नेपालीमा नै लेखिएको जस्तो लाग्छ । यसका लागि अनुवादक इस्मालीको प्रशंसा नगरिरहन सकिन्न । महान् उपन्यासकार महाश्वेता देवीको प्रस्तुत अक्लान्त कौरव उपन्यास सर्वहारावर्गीय चेतनाले ओतप्रोत भएको लोकप्रिय समाजवादी यथार्थवादी उपन्यास हो । यो नेपाली पाठकहरूका लागि सङ्ग्रहणीय र पठनीय रहेको छ ।

## राष्ट्रिय...

सुगौली पनि बसेर) पत्र पठाएका थिए । राजा बालक, परिवार सिपाईहरू मात्र, अरु सबै ठगहरू र सम्पूर्ण भारदारहरू पूर्व पश्चिमको काँगडा किल्लादेखि लिएर कामरु कामक्षसम्म युद्धमा थिए । पत्रहारहरू यस्तो बेलामा अचानक यो पत्र लिएर आए । यो पत्रको उत्तर दिने मान्छे पनि छैन, पत्रमा लालमोहर लगाउने र हस्ताक्षेर गर्ने पनि छैन । हाम्रा सैनिकहरू अगाडि बढ्दै छन् । हाम्रो सीमा परसम्म छ, युद्धमा विजय हुँदैछ, यस्तो बेलामा सन्धि गर्ने चलन छैन भनेर यहाँबाट हस्ताक्षेर नगरी र लालमोहर नलगाई पत्र फर्काइयो । यसलाई फिर्ता लगेर उनीहरले अंग्रेजलाई दिए । अंग्रेजहरूले सन्धिमा हस्ताक्षेर भयो, सन्धि भयो भनेर हचुवा भरमा हल्ला मच्चाएर एकतर्फी निर्णय गरे । एकतर्फी निर्णय गर्दा पनि तीन जनाको हस्ताक्षेर देखाए । उतापट्टिको एकजना र यता पट्टीको तीनै दुवैजना पत्रहार (दुत) मात्र छन् । युद्धको उथलपुथलको समयमा सन्धि भयो भनी हल्ला मच्चाएर अंग्रेजहरूले त्यसै हचुवामा भनेका हुन्, उनीहरूको स्वार्थका लागि । सन्धि भएको छैन, हस्ताक्षेर भएको छैन, जनताले र राजाले मान्यता दिएका छैनन् । दुई राष्ट्र एक अर्कामा सँग बसेर गरेको काम मात्र मान्यता हुन्छ । राष्ट्र प्रमुख त्यस बेला जुतेका थिएनन् विशेष अङ्ग बाहिर थियो । त्यसकारणले त्यो प्रस्तावित मात्र हो त्यसलाई सन्धि भएको हामीले मान्न सक्दैनौं । सुगौली सन्धि भएको छैन, पास भएको छैन, अंग्रेजले त्यसै हलला गरेको हो भन्ने नेपाली पक्षबाट भन्दाभन्दै पनि अंग्रेजहरूले एकतर्फी रूपमा गरेको हल्लाले युद्धलाई नराम्रो प्रभाव पार्‍यो । त्यो सन्धिको हल्ला चलेको (विक्रम सम्वत् १९७२) एक वर्ष पछि सीमामा गएका साथीहरू, सैनिकहरू, भिमसेन थापाहरू आएपछि सभा बस्यो । अंग्रेजले यस्तो यस्तो ल्याएको थियो, हामीले फर्कायौं भन्ने थाहा भएपछि एकतर्फबाट सन्धि हुँदैन, यो लाछि सन्धिलाई कसैले पनि मान्यता दिंदैन भन्ने निर्णय भयो । सन्धि भयो भनेको ९४ वर्षपछि केशव गुरुङ्गले नक्सा ठीक गरेको हो । सैनिक हो त्यो केशव गुरुङ्ग, केशव गुरुङ्गको हातले बनाएको नक्सा यहाँ पनि छ । ठीक तरिकाले बनाएको हुनाले दुवैतिरका जनताले उसलाई पाँच समय विगा जमिन देहरादुनमा विर्ता दिएको छ । अहिले देहरादुनमा केशवका सन्तानहरू छँदैछन् । उसको तामपत्र छ, लालमोहर छ, सबै छ केशव गुरुङ्गले सिङ्गो (सम्पूर्ण) राष्ट्रको नक्सा बनाएको हो ।

यसै सम्बन्धमा अझ बढी महत्वको विषय त के हो भने -सन् १९५० जुलाई ३१ मा भएको नेपाल भारत बीच शान्ति तथा मैत्री सन्धिको धारा ८ मा यो सन्धि भएको मिति भन्दा पहिले भारत सरकारका तर्फबाट नेपाल सरकार र बेलायत सरकार बीच भएका सबै सन्धि पत्र, स्वीकारपत्र र कबुलनामाहरूलाई खारेज गरेको अवस्था र ३० अक्टोवर सन् १९५० को नेपाल बेलायत बीच भएको सम्झौता धारा ८ मा पनि काठमाडौंमा भएको २१ दिसेम्बर १९२३ को सन्धि तथा यस पूर्वका सम्पूर्ण सन्धिहरू व्यवस्थाहरू र सम्झौताहरू वर्तमान सन्धि लागू भएसँगै कार्यरूपमा प्रयोग हुनुबाट बञ्चित गरिएको प्रावधान छ । बेलायतको संसदले १८ जुलाई १९४७ मा पारित गरेको 'इण्डिया इन्डीपेन्डेन्ट ऐक्ट' मा स्पष्ट रूपमा हामी जुन अवस्थामा भारत आएका थियौं, त्यही अवस्थामा छाडेर जान्दैछौं भनी लेखिएको निर्णय छ । भारत, बृटिस साम्राज्यवादबाट स्वतन्त्र भएपछि नेपालको भूभाग भारतको अधिनमा रहने भन्ने कुनै सन्धि सम्झौता वा समझदारी भएको छैन र त्यस्तो कुनै प्रावधान नभएकाले अंगेजले हडपेको जमिन नेपालको साँध सीमा हामीले हाम्रो प्राणभन्दा प्यारो देश नेपालको सार्वभौमसत्ता भू-अखण्ड राष्ट्रको पूर्ववत विशाल नेपालको साँध सीमा तत्वल्दै सुरक्षार्थ सच्चा देशभक्त स्वाभिमानी आम-नेपाली एकजुत भई निरन्तर अगाडि बढ्नु आजको अनिवार्य शर्त हुनुसँगै यो राष्ट्रिय आवश्यक्ता पनि हो र हाम्रो यो राजनैतिक दायित्व पनि हो ।

*२०७६/७/२१ ताहाचल, काठमाडौं*

## एमसीसी...

काठमाडौंस्थित अमेरिकी दूतावासले एमसीसी परियोजना इन्डो प्यासिफिक मिलिटरी मिसनकै एक अंग भएको प्रष्ट पारेको छ । अमेरिकी सबै कार्यक्रमहरू यही स्ट्राटेजीअन्तर्गत सञ्चालन भइरहेको दूतावासले जनाएको छ ।

'इन्डो-प्यासिफिक स्ट्राटेजी अमेरिकी नीति हो र यो यस क्षेत्रमा गर्ने हरेक कामका लागि दिइएको नाम हो,' दूतावासका अधिकारी कार्ल रोजर्सले एक राष्ट्रिय दैनिकसँग कुरा गर्दै भनेका छन्, 'यो कुनै संगठन वा गठबन्धन होइन, न नेपाल वा अन्य कुनै देशलाई यसमा सहभागी हुन नै भनिएको छ ।' इन्डो-प्यासिफिक सहभागी देशकै हितका लागि तय गरिएको नीति भएको उनले बताए । 'यस नीतिअनुसार नेपाल बलियो हुँदा अमेरिका बलियो हुन्छ, नेपाली स्वस्थ हुँदा अमेरिकी स्वस्थ हुन्छन्,' उनी भन्छन्, 'नेपालको सार्वभौमिकता सबल भयो भने अमेरिकाको सार्वभौमिकता पनि सबल हुन्छ किनभने इन्डो-प्यासिफिक रणनीति भनेकै स्वहित हो ।'

तर इन्डो प्यासिफिक मिलिटरी मिसन भएको र त्यस अन्तर्गतको एमसीसी परियोजना स्वीकार गर्नु भनेको नेपाल अमेरिकी सैन्य क्याम्पमा आबद्ध हुन पुग्नु हो र इन्डोप्यासिफिक रणनीति चीनलाई घेर्ने रणनीति भएकोले त्यस्तो रणनीतिमा सहभागी हुँदा नेपालको सार्वभौमिकता गम्भीर खतरामा पर्ने भन्दै नेकपा (क्रान्तिकारी माओवादी) लगायत राजनीतिक पार्टीहरूले विरोध गरिरहेका छन् । सत्तारुढ डबल नेकपाभित्र पनि केही नेताहरूले एमसीसी संसदबाट पास गर्न नहुने भन्दै आवाज उठाइरहेका छन् ।

एमसीसीका केही प्रस्तावहरू र तिनको व्याख्या निम्न छन् :

१) धारा ३ को दफा ३(२) (च) 'सम्पूर्ण बौद्धिक सम्पत्तिमा अमेरीकाको पूर्ण अधिकार हुनेछ।' अर्थात् एमसीसीले काम गर्ने दायरामा आउने सबै प्रकारको बौद्धिक सम्पत्तिमा अमेरीकाको एकलौटी अधिकार हुनेछ । नेपालले चाहिं सबै गुमाउनु पर्नेछ ।

२) धारा ३ को दफा ३(८) (क) 'परियोजनाको लेखापरीक्षण अमेरिकाको कम्पनीले मात्र गर्न सक्नेछ।' अर्थात् परियोजना कसरी, कुन रूपमा र कति खर्चमा चलिरहेको छ भनेर जान्ने अधिकार नेपाललाई हुने छैन ।

३) धारा ५ को (क) र (ख) 'अमेरिकी सरकारले चाहेमा जुनसुकै बेला पनि यो संझौता रद्द गर्न सक्नेछ ।' अर्थात् यो परियोजना नेपाललाई मन नलागे पनि अगाडि बढाउनु पर्ने तर उद्देश्य पूरा नहुने देखेमा बिचैमा खारेज गर्ने अधिकार अमेरीकालाई मात्र हुनेछ ।

धारा ७ को दफा ७ (क) 'प्रस्तुत सम्झौता लागु भएपछि प्रस्तुत संझौतामा उल्लेखित र नेपालको राष्ट्रिय कानून बाझिएमा प्रस्तुत सम्झौता लागू हुनेछ ।' अर्थात् लगानीका नाममा चयन गर्ने क्षेत्रहरूमा एमसीसीले बनाएको कानून लागु हुने र यसलाई बाधा पार्ने नेपालका कानूनहरू खारेज हुने ।

अनुसूची १ (ग) को २ 'यस परियोजनामा नेपाल सरकारले राज्यका कुनै पनि निकायलाई खटाउनु पर्दा एमसीसीको स्विकृति लिनु पर्नेछ।' अर्थात् अनुदानको खोल ओढाएर नेपालको नाममा कार्यक्रम चलाउने तर नेपालले एमसीसीको अनुमति विना १ जना पनि सरकारी कर्मचारी नियुक्त गर्न नपाउने ।

अनुसूची ४ (क) 'नेपाल सरकारले एमसीसीलाई चित्त बुझ्ने योजना तयार पारी पठाउनु पर्नेछ र त्यस्तो योजना ईण्डियाको सरकारले समर्थन गरेको हुनु पर्नेछ ।' अर्थात् सिआइएले नेपालको नाममा युद्ध रणनीति तय गर्ने तर सारमा यो ईण्डियाको हुने । ईण्डियाले स्विकृत नगरेसम्म अमेरीकाले अनुदान नदिने ।

### अखिल नेपाल आदिवासी जनजाति महासङ्घका बैठकका निर्णयहरू

२०७६ पौष ९ गते अखिल नेपाल आदिवासी जनजाति महासङ्घको केन्द्रीय समिति बैठक महासंघअन्तर्गत डा.ओम गुरुङको अध्यक्षतामा बसेको बैठकले, सांगठनिक कार्यक्रमिक र प्रचारका विषयमा निम्न लिखित निर्णयहरू गरेको छ ।

१. (क) सांगठनिक निर्णयमा महाससघका घटक संगठन नेवाः राष्ट्रिय मुक्ति मोर्चा राष्ट्रिय सम्मेलन २०७६ माघ २४, २५, २६ गते र अखिल नेपाल थारु मुक्ति मोर्चा २०७६ चैत १४, १५ गते भव्यताका साथ सम्पन्न गर्ने निर्णय भयो ।

(ख) प्रादेशिक महासंघ जिल्ला महासंघहरूको गठन पुनर्गठनहरू व्यापकरूपमा गर्ने निर्णय भयो, साथै एकल जातीय मोर्चाहरूको इकाइ समितिसम्म निर्माण गर्ने र व्यापक सदस्यता वितरण गर्ने निर्णय भयो ।

(ग) घटक मोर्चाहरू र प्रादेशिक महासंघको बैठक आगामी माघ १० गते भित्रमा सम्पन्न गर्ने निर्णय भयो ।

(२) सङ्घर्षका कार्यक्रममा आगामी फागुन मसान्तभित्र सीमा अतिक्रमण, राष्ट्रिय स्वाधीनता र उत्पीडित जातिको पहिचानसहितको सङ्घीयताका लागि राष्ट्रिय आन्दोलन गर्ने निर्णय भयो ।

(३) सङ्गठनको दस्तावेज र महासंघको मुखपत्र जनजाति मुक्ति आवाज, आगामी सोनाम ल्होसारको अवसरमा प्रकाशन गर्ने निर्णय भयो ।

## क्रान्तिकारी...

प्रयोग भएको र जनयुद्ध रणनीतिक प्रत्याक्रमणको दोस्रो योजनासम्म विकसित हुँदै केन्द्रीय सत्ता कब्जाको नजिक पुगेको तर नेतृत्वको धोका र गद्दारीले गर्दा प्रतिक्रान्ति हावी हुन पुगेको विश्लेषण गर्नुभयो । उहाँले विचार, राजनीति, संगठन र संघर्षमा माओबाट नेपालका कम्युनिस्ट क्रान्तिकारीहरूले धेरै सिक्नुपर्ने आवश्यकता रहेको औंल्याउनु भयो ।

पार्टी कार्यालय कुपण्डोलमा सम्पन्न भएको समारोहमा पार्टीका पीवीएम प्रभाकिरणले माओले सर्वहारावर्गीय क्रान्तिमा गरेको योगदानको विषयमा संक्षिप्तमा चर्चा गर्दै घरेलु र अन्तराष्ट्रिय अनुभवसहित नेपाली क्रान्तिको प्रक्रियालाई अगाडि बढाएर विजयसम्म पुर्‍याउन सकिने बताउनु भयो । पार्टी केस सोमानले सञ्चालन गरेको समारोहमा पार्टी केस क्षितिजले स्वागत मन्तव्य राख्नु भएको थियो ।

समारोहमा पार्टी केन्द्रीय सल्लाहकार सूर्यबहादुर नकर्मी लगायत पार्टी केस, प्रदेश सदस्य, जिल्ला सदस्यलगायत सयौं नेता कार्यकर्ताहरूको उपस्थिति रहेको थियो । समारोहमा प्रमुख अतिथि, अतिथि लगायत उपस्थित सबैले कमरेड माओको फोटोमा माल्यार्पण गरी श्रद्धाञ्जलीसमेत गरिएको थियो ।

## अन्तर्राष्ट्रिय...

हिसाबले महत्वको विषय हो । यसको अस्तित्वलाई नै समाप्त पार्ने पश्चगामी षड्यन्त्रलाई चिर्दै यो आफ्नो गन्तव्यमा अघि बढिरहेको छ । एउटा क्रान्तिकारी संयुक्त मोर्चाको भूमिकालाई क्रमशः यसले लागु गर्दै गएको छ ।

**मेची महाकाली अभियान**

भारत सरकारले नेपाली भूभाग लिम्पियाधुरा, कालापानी र लिपुलेकलाई आफ्नो सीमा भित्र पारेर बनाएको नक्सालाई नेपाल सरकारका मंत्रालय, महानगरपालिका, नगर पालिका आदिमा सम्मानका साथ झुण्ड्याउने गरिएको थियो । ती नक्साहरू हटाउने अभियान ने क पा (क्रान्तिकारी माओवादी), क्रान्तिकारी युवालिग र देशभक्त जनगणतान्त्रिक मोर्चाले संयुक्त रूपमा संचालन गरेका थिए । २०७५ साल फागुन ७ गते पूर्वको काँकडभिट्टा र पश्चिमको गड्ढा चौकी अनि देशको राजधानी काठमाडौं र गण्डकी प्रदेशको राजधानी पोखरामा एकसाथ उद्घाटन गरिएको 'मेची महाकाली अभियान'ले देशलाई नै झक्झक्याउने काम गरेको थियो । कथित "कम्युनिष्ट" नामधारी सरकार र यो राज्य व्यवस्थाका साथै संविधानको जन विरोधी र राष्ट्रविरोधी चरित्रको पर्दाफास गरिएको थियो । मेची महाकाली अभियानका दौरानमा भारतले नेपाली भूभागलाई गाभेर प्रचारमा ल्याएको नक्कली नक्सा र नेपालको भूभाग नेपाली सीमा भित्रै पारेर तयार पारिएको सक्कली नक्सा, दुबैलाई खुला गाडीमा राखेर यी दुईवटा नक्साको वीचमा तुलना गरेर जनतालाई बुझाउने र नेपाली जनतामा देशभक्तीको जागरण पैदा गराउने काम गरिएको थियो । यसका साथै एउटा सार्वभौम राष्ट्र नेपालको भूभाग कालापानीमा सन् १९६२ देखि नै भारत सररकारले सेना तैनात गरेर ब्यारेक नै बनाएर बसेको र त्यसलाई अविलम्ब हटाउनु पर्छ भन्ने विषय समेत स्पष्ट पार्ने प्रयास गरिएको थियो । मेची महाकाली अभियानले राष्ट्रिय स्वाधिनताको आन्दोलनको तयारीमा जनताको एउटा हिस्सालाई आकर्षित गरेको थियो ।

**उप निर्वाचन वहिष्कार प्रकरण**

हुनत ०७६ साल मंसिर १४ गते आयोजित उप निर्वाचन संघीय संसदको एक सिट र केही प्रदेश संसद र धेरै जसो स्थानीय निकायका लागि गरिएको थियो । त्यो निर्वाचनको परिणामले सरकार बनाउने वा फेर्ने काममा खासै भूमिका खेल्न सक्ने स्थिति थिएन । फेरी पनि निर्वाचनमा भाग लिने कि वहिष्कार गर्ने भन्ने विषय राष्ट्रिय राजनीतिको विषय भएकोले यसबारे दे ज मो ले गर्ने राजनीतिक निर्णयको महत्व हुनु स्वभाविक थियो । यो उप निर्वाचनलाई केन्द्रीय समितिले सकृय वहिष्कार गर्ने निर्णय गऱ्यो । वहिष्कारको स्वरूप मुलतः प्रचारात्मक र भण्डाफोरलाई प्राथमिकता दिने किसिमको थियो । संगठनले वहिष्कारको नीतिलाई देशभर प्रचार गर्ने र भण्डाफोर अभियानलाई निर्वाचन हुने स्थानमा घनिभूत रूपमा अघि बढाउने योजना बनाएको थियो ।

उपरोक्त निर्णयलाई कार्याण्वयन गर्ने सिलसिलामा धरान, दाङ, सल्यान, भक्तपुर लगायतका ठाउँहरूमा यो सरकारले प्रहरी हस्तक्षेप गरी केन्द्रीय सचिवालय सदस्य, केन्द्रीय समिति सदस्य लगायतका नेता र कार्यकर्ताहरूलाई हत्कडी समेत लगाएर यातना दिने काम गरेको थियो । यो दमनको व्यापक विरोध हुनुका साथै प्रचार प्रसार पनि राम्रै सँग भएको थियो । यो सरकारको फासीवादी चरित्रलाई पर्दाफास गर्न यसले राम्रो भूमिका खेलेको थियो ।

**राष्ट्रिय स्वाधिनताको प्रश्न**

माथि उल्लेख गरिसकिएको छ कि दे ज मो ले आजभन्दा झण्डै एक वर्ष अघि भारतीय अतिक्रमणको विरुद्ध देशव्यापी मेची महाकाली अभियान संचालन गरेको थियो । त्यस विषयमा थोरै मात्र जनताले यसबारे ध्यान दिएका थिए । हामीले त्यतीखेर अन्य राजनीतिक पार्टी वा संघ संस्थाहरूबाट समर्थन र सहयोग प्राप्त गर्न सकेका थिएनौं । तर, आज भारत सरकारले त्यही नक्सा भिन्न प्रसंगमा प्रकाशित गरी वितरण गरेको छ । हिन्दु कट्टरपन्थी मोदी सरकारले भारतको संविधानको धारा ३७० लाई खारेज गरेर जम्मु काश्मिर प्रदेशलाई काश्मिर र लद्दाख दुई केन्द्र शासित प्रदेशमा विभाजित गऱ्यो । त्यसपछि त्यसलाई प्रतिविम्वित गर्ने गरी भारतको नयाँ नक्सा निकाल्ने सिलसिलामा पुनः नेपालको अखण्ड भूभाग लिम्पियाधुरा, कालापानी र लिपुलेकलाई पनि भारत भित्रै पारेर सिमांकन गरियो नक्सा तयार पारियो । त्यही विषय एकवर्ष अघि हामीले उठाइरहँदा खासै ठुलो प्रतिकृया देखिएको थिएन । तर, यस पटक यो घटनाले नेपाली देशभक्तहरूलाई उद्वेलित बनायो । हामीले जुन विषय एक वर्ष अघि उठाएका थियौं, आज त्यो विषय राष्ट्रको मुख्य एजेण्डा बनेको छ । हाम्रो लागि यो भन्दा खुसीको विषय अरु के हुन सक्छ र ?

हामीले ठानेका छौं कि हाम्रो जिम्मेवारी अब निकै बढेको छ । देशभक्त जनगणतान्त्रिक मोर्चाले भारतद्धरा अतिक्रमित लिम्पियाधुरा, कालापानी, लिपुलेकका साथै पहिले देखि मिचिँदै आएका सुस्ता, महेशपुर लगायतका सबै भूभागलाई भारतीय अतिक्रमणबाट मुक्त गर्नु पर्दछ भन्ने अभियान देशै भरी संचालन गर्दै आएको छ । हामी यो देशभक्तीपूर्ण आन्दोलन सबै सच्चा देशभक्तहरूका साथमा मिलेर अघि बढाउने प्रयास गरिरहेका छौं । हाम्रा कार्यक्रममा जन सहभागिता बढ्दै गएको छ । यो देशभक्तिपूर्ण संघर्षले अहिलेनै जन आन्दोलनकै रूप त लिइसकेको छैन । तर, त्यो दिशातिर अघि बढिरहेको छ । केही समयमै यसले जन आन्दोलनको रूप लिन सक्ने संकेतहरू देखा परेका छन् ।

**अन्तर्राष्ट्रिय भूमिका**

राष्ट्रिय स्तरमा देशभक्त जनगणतान्त्रिक मोर्चाले खेलेको भूमिकाका विषयमा माथि केही चर्चा गरियो । देशभक्त जनगणतान्त्रिक मोर्चाले देशभित्रका वर्गीय, जातीय, लिंगिय, क्षेत्रीय उत्पीडनका विरुद्ध संघर्ष गर्न चाहनेहरू सँग एकाकार भएर आन्दोलन उठाउने प्रयत्न गरेको छ । यो आन्दोलनले अन्तर्राष्ट्रिय समर्थन पायो भने यसको सफलता बढी सुनिश्चित हुन्छ । यतिखेर पनि भारतीय अतिक्रमण र नक्साको विषयलाई अन्तर्राष्ट्रियकरण गर्नु पर्ने आवश्यकतावोध सर्वत्र भैरहेको छ । यसका साथै हामी विश्वलाई नै शोषण र उत्पीडनबाट मुक्त पार्न चाहन्छौ । संसारका जनता र कमजोर राष्ट्रहरू माथि दमन उत्पीडन गर्ने शक्ति र संस्था साम्राज्यवाद हो । त्यसैले हामीले आफ्नो लक्ष हासिल गर्न सशक्त साम्राज्यवाद विरोधी मोर्चा बनाउनु पनि आवश्यक छ । यस प्रकारको मोर्चा बनाउने काममा पनि हामी लागिरहेका थियौं ।

यस सन्दर्भमा विश्वस्तरमा साम्राज्यवाद विरोधी शक्तिहरूलाई गोलवन्द गर्ने प्रयासमा लागिरहेको संगठन 'क्रान्तिकारी पार्टी र संगठनहरूको अन्तर्राष्ट्रिय संयोजन' (International Coordination of Revolutionary Parties and Organisation) (ICOR) मा हामी विधिवत् सामेल भएका छौं । केही महिना अघि मात्र ICOR को आधिकारिक समितिले हाम्रो संगठनलाई सदस्यता र भूमिका दिने निर्णय गरेको हो । यसमा ६ वटै महादेशका केही संगठनहरूको सहभागिता छ । संसारका ४० भन्दा बढी पार्टीहरू यसमा समावेश छन् । यो साम्राज्यवाद विरोधी खुला र खुकुलो प्रकारको संगठन हो । यसमा मार्क्सवाद-लेनिनवाद-माओवादलाई मार्गदर्शक सिद्धान्त मान्ने देखि लिएर सामान्य साम्राज्यवाद विरोधी संगठनहरू पनि सामेल छन् । यो संगठनको माध्यमबाट हामी साम्राज्यवाद र विस्तारवादका नेपाल माथि भएका र हुने गरेका हस्तक्षेप र अतिक्रमणका विरुद्ध अन्तर्राष्ट्रिय रूपमा आवाज उठाउन सक्दछौं । हाम्रा विचार र समस्याहरू अन्तर्राष्ट्रियकरण गर्नका निमित्त यो एउटा राम्रो माध्यम हो । त्यसैले यसलाई दे ज मो ले एउटा थप उपलब्धिका रूपमा लिएको छ । यसका विषयमा र यसका गतिविधिका विषयमा विस्तृत जानकारी गराउँदै जाने छौं । *२०७६ पौष १३ गते ।*

## जनवादी...

नीतिहरू वा पद्धतिहरूलाई सूत्रबद्ध गर्नु असम्भव हुन्छ । जहाँसम्म लाइनहरू, सिद्धान्तहरू, नीतिहरू वा पद्धतिहरूको प्रश्न छ, हाम्रो नेतृत्वकारी निकायले पुनर्उत्पादन संयन्त्रको भूमिका निर्वाह गर्दछ । सबैलाई थाहा छ कि फ्याक्ट्रीले कच्चा पदार्थबिना पुनर्उत्पादन गर्न सक्दैन । त्यसले तबसम्म राम्रो वस्तुको उत्पादन गर्न सक्दैन जबसम्म कच्चा पदार्थ पर्याप्त मात्रामा र उपयुक्त गुणस्तरको हुँदैन । यदि जनवाद छैन, यदि तलतिर के भइरहेको छ भन्ने कुराको पूर्ण जानकारी छैन, यदि सबै सम्बन्धित पक्षहरूको विचारको पर्याप्त परीक्षण गरिएको छैन र माथि र तलतिरको बीचमा कुनै सम्वाद छैन, र यसको सट्टा यदि मामिलाहरूको निर्णय केवल उच्चस्तरको नेतृत्वकारी नियायहरूद्वारा एकपक्षीय वा असुद्ध सामाग्रीको आधारमा गरिन्छ भने यस्ता निर्णयहरू मनोगत हुनुबाट बँच्न गाह्रो हुन्छ र समझदारी तथा कामहरूमा एकता ल्याउन र जनवादी केन्द्रीयता स्थापित गर्नु असम्भव हुन्छ । के हाम्रो वर्तमान काँग्रेसका मुख्य विषय विकेन्द्रीयतावादको विरोध तथा केन्द्रीयता एवम् एकतालाई मजबुत बनाउनु होइन ? यदि हामीले जनवादलाई पूर्ण रूपमा प्रोत्साहन दिनमा असफल रह्यौं भने यो केन्द्रीयता, यो एकता सच्चा हुन्छ वा देखावटी ? के यो वास्तविक हुन्छ कि खोक्रो ? के यो सही हुन्छ कि गलत ? निस्सन्देह, यो खोक्रो, देखावटी र गलत हुन्छ ।

हाम्रो केन्द्रीयता जनवादको आधारमा अडेको केन्द्रीयता हो । सर्वहारा केन्द्रीयता व्यापक जनवादी अधारवाला केन्द्रीयता हो । सबै स्तरमा पार्टी कमिटीहरू केन्द्रीकृत नेतृत्व लागू गर्ने निकाय हो । तर पार्टी कमिटीद्वारा नेतृत्वको अर्थ सामूहिक नेतृत्व हो, मूख्य सचिवद्वारा मनोमानी ढंगले निर्णय लिनु होइन । पार्टी कमिटीहरूभित्र केवल जनवादी केन्द्रीयताको पालना हुनु पर्दछ । मूख्य सचिव र अन्य सचिवहरू एवम् कमिटी सदस्यहरूका बीचको सम्बन्ध अल्पमत बहुमतको अधिनमा रहने हुन्छ । केन्द्रीय कमिटीको स्थायी कमिटी वा पोलिटव्यूरोको उदाहरण लिनुहोस् । प्रायः यस्तो हुन्छ कि जब म केही भन्दछु, चाहे त्यो सही होस् वा गलत, यदि अरु त्यससँग सहमत छैनन् भने मैले उनीहरूको सुझाव मान्नु पर्दछ किनकि उनीहरू बहुमतमा छन् । मलाई भनिएको छ कि यतिबेला केही यस्ता प्रान्तीय एवम् काउन्टी कमिटीहरू छन्, जहाँ सारा निर्णय केवल मूख्य सचिवले गर्दछन् । यो एकदमै गलत हो । हामीले यसलाई कसरी सही मान्न सक्दछौं कि एकजना मानिसले जे भन्छ त्यही हुन्छ ? म यहाँ दैनिक कामकाजको होइन, महत्वपूर्ण मामिलाहरूको चर्चा गरिरहेको छु । यदि कुनै मामिला महत्वपूर्ण छ भने त्यसमाथि सामूहिक रूपले विचार-विमर्श हुनु पर्दछ, विभिन्न मत सुन्नु पर्दछ र परिस्थितिको जटिलताहरू तथा विरोधी विचारहरूको गम्भीरतापूर्वक विश्लेषण गर्नु पर्दछ । कुनै परिस्थितिको विभिन्न पक्षहरूलाई विचार गर्दै विभिन्न सम्भावनाहरू, अनुमानहरूमाथि विचार गर्नु पर्दछ स के सही हो र के गलत, के सजिलो छ र के अप्ठेरो, के सम्भव छ र के असम्भव । यसलाई यथासम्भव सावधानी तथा पूर्णताद्वारा गरिनु पर्दछ । यसको विपरीत व्यवहार गर्नु एक जना व्यक्तिको तानाशाही हो । यसलाई मूख्य सचिवको तानाशाही भन्नु पर्छ, जनवादी केन्द्रीयता पालना गर्ने 'स्क्वाड लिडर' होइन । कुनै समयमा सियाङ यू नामको एक राजा थिए । जसलाई पश्चिमी चूको तानाशाह भनिन्थ्यो । उनले आफ्नो विचारभन्दा फरक कुनै पनि कुरा सुन्नै चाहँदैनथे । फान त्सेङ नामको व्यक्तिले उनलाई सल्लाह दियो तर सियाङ यूले त्यो सुझाव सुन्न इन्कार गरे । अर्कोतर्फ, हान राजवंशको संस्थापक ल्यू पाङ थिए, जो आफ्नोभन्दा फरक विचारहरूलाई सुन्ने मामिलामा राम्रा थिए । एकपटक ली यी-ची नामको बुद्धिजीवी ल्यू पाङसँग भेटगर्न गए । उसको परिचय कन्फूसियसलाई मान्ने विद्वानको रूपमा दिइयो । ल्यू पाङले भने कि युद्ध सुरु भएको छ र यस्तो अवस्थामा उनी विद्वानहरूसँग भेट गर्न सक्दैनन् । ली यी-चि रिसाए र द्वारापाललाई भने, 'फेरि भित्र जाऊ र भन कि म विद्वान होइन, काओ याङको एक जँड्याहा हुँ ।' द्वारपालले यस्तै गऱ्यो । 'ठीक छ, उसलाई भित्र बोलाऊ ।' जब ली यी-चि भित्र गए तब ल्यू पाङ आफ्नो खुट्टा धोइरहेका थिए तर उनी उसलाई स्वागत गर्न तुरुन्त उभिए । ली यी-चि एक विद्वानसँग भेट गर्न अस्वीकार गरेका कारण ल्यू पाङसँग अझै पनि रिसाएका थिए र उनले उसलाई दह्रोसँग दनक दिए । उनले भने, 'सुन, तिमी विश्वविजेता बन्न चाहन्छौ कि चाहँदैनौ ? अनि तिमीले एकजना प्रौढलाई यसरी हल्कारूपमा किन लिन्छौ ?' ली यी-चि त्यसबेला ६० वर्षभन्दा बढी उमेरका थिए र ल्यू पाङ कम उमेरका थिए, त्यसैले लीले आफूलाई 'प्रौढ' भने । यस कुरामा ल्यू पाङले क्षमा मागे र चेन ल्यू काउन्टीमाथि कब्जा गर्ने ली यी-चिको योजना स्वीकार गरे । यो घटना 'ऐतिहासिक अभिलेख' मा ली यी-चि र लू चियाको जीवनिहरूमा पाइन्छ । सामन्ती कालमा इतिहासकारहरूले ल्यू पाङको वर्णन एउटा यस्तो नायकको रूपमा गरेका छन् 'जो उदार र खुल्ला दिमागका थिए र परामर्श सुन्नको लागि तयार रहन्थे ।' ल्यू पाङ र सियाङ यू बीच कैयौं वर्षसम्म युद्ध चलिरह्यो । अन्तमा ल्यू पाङले जिते, सियाङ यू पराजित भयो । यो अनयासै थिएन । आज हाम्रा केही मूख्य सचिव सामन्ती ल्यू पाङ जति पनि खुल्ला दिमागका छैनन् । बरु उनीहरूमा सियाङ यूको अंश छ । यदि यी कामरेडहरूले आफूलाई बदल्दैनन् भने अन्ततः उनीहरूलाई उखेलेर फालिनेछन् । तपाइँहरूले 'तानाशाहको आफ्नो पत्नीसँगको अन्तिम बिदाई'२ शिर्षकको अपेरा हेर्नुभएको होला । यदि यी कामरेड बदलिँदैनन् भने त्यो दिन अवश्य आउने छ जब उनीहरूले पनि 'पत्नीहरूसँग अन्तिम बिदा' लिइरहेका हुनेछन् । (हाँसो) मलाई यो मामिलामा यति जोड दिएर किन राख्नु परिरहेको छ ? यस्तो यस कारण कि मलाई आशा छ अलिकति व्यङ्ग्यात्मक शब्दमा बोलेर मैले केही कामरेडहरूलाई यस मामिलामा गम्भीरतापूर्वक सोच्न बिवश गर्न सक्नेछु । तिनीहरू एक-दुई रात सुत्न नसके सबैभन्दा राम्रो हुने थियो । यदि उनीहरू सुत्न सके भने मलाई दुःख हुनेछ किनकि उनीहरूले अझै कुनै पीडाको अनुभव गरेका छैनन् ।

हाम्रा केही कामरेड आफ्नो भन्दा विपरित मत सुन्न सक्दैनन् र आलोचना त उनीहरूलाई कत्ति पनि सैह्य हुँदैन । यो ज्यादै गलत हो । यस सम्मेलनको क्रममा, एउटा प्रान्तको ग्रूप मिटिङ ज्यादै जीवन्त ढङ्गले सुरु भयो, तर जब प्रान्तीय पार्टी कमिटीका सचिव त्यसमा सहभागी भए, सन्नाटा व्याप्त भयो र कसैले पनि एक शब्द बोलेनन् । कामरेड प्रान्तीय सचिव, तपाइँ त्यहाँ गएर किन बस्नु भयो ? तपाइँ किन आफ्नै कोठामै बसेर वस्तुहरूको बारेमा सोच्नुहुन्न र अरुलाई खुलेर बोल्न किन दिनुहुन्न ? किनकि यस्तो वातावरण बनाइएको छ कि मानिसहरू तपाइँको उपस्थितिमा बोल्ने साहस गर्दैनन्, तब तपाइँ स्वयम्ले आफूलाई अनुपस्थित गराउनु पर्दछ । गल्ती गर्नेहरू जसले पनि आत्मालोचना गर्नु पर्दछ र हामीले अरुहरूलाई बोल्न दिनु पर्दछ र अरुहरूलाई आलोचना गर्ने छुट दिनु पर्दछ । गत वर्ष १२ जूनमा चिनियाँ कम्युनिष्ट पार्टीको केन्द्रीय कमिटीद्वारा पेकिङ्गमा आयोजित कार्यकारी सम्मेलनको अन्तिम दिन मैले स्वयम् आफ्नो कम्जोरीहरू र गल्तीहरूको बारेमा कुरा गरेको थिएँ । मैले कामरेडहरूसँग भनें कि मैले जे जति भनें त्यसलाई प्रान्तहरू र स्थानीय क्षेत्रहरूसम्म पुऱ्याइयोस् । पछि मलाई थाहा भयो कि धेरै स्थानीय क्षेत्रहरूलाई ती कुराहरू भनिएको थिएन । जस्तो कि मेरा गल्तीहरू लुक्न सक्छन् वा त्यसलाई लुकाएर राख्नु पर्दछ । कामरेडहरू, त्यसलाई कुनै पनि हालतमा लुकाएर राख्नु हुँदैन । केन्द्रीय कमिटीबाट भएका गल्तीहरूमध्ये जो प्रत्यक्ष रूपले मसँग सम्बन्धित छन्, तिनीहरूका लागि म जिम्मेवार छु र जो प्रत्यक्ष सम्बन्धित छैनन्, तिनीहरूको जिम्मेवारीमा पनि अध्यक्ष हुनुको नाताले मेरो भागमा पर्छ । यस्तो होइन कि म अरुले आफ्नो जिम्मेवारी निकालेर फालुन्– केही अन्य कामरेडहरू पनि छन् जसले जिम्मेवारी उठाउँछन्, तर मुख्य जिम्मेवारी मेरो हो । हाम्रा प्रान्तीय, प्रीफेक्चर र काउन्टी पार्टी कमिटीहरूदेखि जिल्ला, उद्योग र कम्युनहरूसम्मका पार्टी कमिटीहरूका सचिवहरू मूख्य सचिव हुनुका नाताले काममा कमजोरीहरू र गल्तीहरूको जिम्मेवारी लिनु पर्दछ । जिम्मेवारीबाट बच्नु, त्यसलाई उठाउनुबाट डराउनु, मानिसहरूलाई खुलेर बोल्नबाट रोक्नु, मानौं तपाइँ कुनै बाघ हो जसको पछाडि छुने हिम्मत कसैले गर्दैन - यस्तो दृष्टिकोण अपनाउने हरेक व्यक्ति असफल हुनेछन् । मानिसहरू ढिलो-चाँडो आखिर बोल्नेछन् । तपाइँ सोच्नुहुन्छ कि तपाइँजस्तो बाघलाई पछाडिबाट छुने हिम्मत कसैले गर्ने छैनन ? तिनीहरूले अवश्य गर्ने छ, हेर्नुहोला !

जबसम्म हामी आम जनवाद र अन्तरपार्टी जनवादलाई पूर्ण रूपले प्रोत्साहन गर्दैनौं, जबसम्म हामीले सर्वहारा जनवादलाई पूर्णरूपले लागू गर्दैनौं, तबसम्म चीनमा सर्वहारा केन्द्रीयता स्थापित हुन असम्भव छ । उच्चस्तरको जनवादबिना उच्चस्तरको केन्द्रीयता हुनु असम्भव छ र उच्चस्तरको केन्द्रीयताबिना समाजवादी अर्थव्यवस्था स्थापित गर्न असम्भव छ । र, यदि हामी एउटा समाजवादी अर्थव्यवस्था स्थापित गर्नमा असफल भयौं भने हाम्रो देशको के होला ? यो एउटा संशोधनवादी राज्य, एउटा बुर्जुवा राज्यमा फेरिने छ र सर्वहाराको तानाशाही बुर्जुवा वर्गको तानाशाहीमा, एउटा प्रतिक्रियावादी, फासिस्ट तानाशाहीमा बदलिनेछ । यो एउटा यस्तो प्रश्न हो जसमा हामी साबधान बनिरहनु पर्दछ र मलाई आशा छ कि हाम्रा कामरेडहरूले यसमाथि राम्रोसँग विचार गर्नेछन् ।

जनवादी केन्द्रीयताबिना सर्वहाराको तानाशाहीलाई सुदृढ गर्न सकिँदैन । जनतामा जनवाद लागू गर्नु र जनताका शत्रुहरूमाथि तानाशाही लागु गर्नु- यी दुई पाटालाई अलग गर्न सकिँदैन । जब यी दुई संयुक्त हुन्छन्, तब सर्वहारा अधिनायकत्व अगाडि आउँछ जसलाई जनताको जनवादी अधिनायकतत्व पनि भन्न सकिन्छ । हाम्रो नारा हो 'सर्वहारा वर्गको नेतृत्वमा मजदूर-किसान एकतामा आधारित जनताको जनवादी अधिनायकत्व' । सर्वहाराले आफ्नो नेतृत्व कसरी लागू गर्द ? त्यसले कम्युनिष्ट पार्टीको माध्यमद्वारा नेतृत्व गर्दछ । कम्युनिष्ट पार्टी सर्वहारा वर्गको अग्रणी दस्ता हो । सर्वहारा वर्गले समाजवादी क्रान्ति र समाजवादी निर्माणको पक्षधर, समर्थक र यसमा समावेश हुने सबै वर्गहरू र तप्काहरूका साथ एकता गर्दछ र प्रतिक्रियावादी वर्गहरू अथवा यसो भनौं कि त्यसको अवशेषहरूमाथि तानाशाही लागू गर्दछ । हाम्रो देशमा, जहाँ मानिसद्वारा मानिसको शोषण गर्ने व्यवस्था नष्ट गरिसकिएको छ र जमिन्दार वर्ग तथा पूँजीपति वर्गको आर्थिक आधार समाप्त गरिसकिएको छ, प्रतिक्रियावादी वर्ग पहिले जस्तो शक्तिशाली र खतरनाक रहेका छैनन् । उदाहरणका लागि, तिनीहरू १९४९ को जस्तो विकट रहेका छैनन् जतिबेला जनगणतन्त्रको स्थापना भएको थियो, र न त १९४७ जस्तो रहेका छन् जतिबेला बुर्जुवा दक्षिणपन्थीहरूले हामीमाथि भिषण आक्रमण गरेका थिए । यसकारण मैले तिनीहरूलाई प्रतिक्रियावादी वर्गको अवशेष भनिरहेको छु । तर हामीले यी अवशेषहरूलाई कम गरी मूल्याङ्कन गर्नु हुँदैन । हामीले तिनीहरूका विरुद्ध आफ्नो संघर्ष जारी राख्नु पर्दछ । उखेलेर फालिएका प्रतिक्रियावादी वर्ग अहिले पनि सत्तामा पुनः फर्कने अवसरको पर्खाइमा छन् । र समाजवादी समाजमा नयाँ बुर्जुवा तत्व जन्मिरहन्छन् । समाजवादको पूरा यात्राको क्रममा वर्गहरू र वर्ग संघर्षको अस्तित्व कायम रहन्छ । यो संघर्ष लामो र जटिल हुन्छ र कहिले काहीं ज्यादै तीक्ष्ण पनि हुनजान्छ । हाम्रो अधिनायकत्वका उपकरणहरूलाई कमजोर बनाउनुको सट्टा अझ मजबुत बनाउनु पर्दछ । हाम्रो जनसुरक्षा व्यवस्था सही लाइनमा चल्ने कामरेडहरूको हातमा छ । तर यो सम्भव छ कि केही स्थानहरूमा सुरक्षा विभाग खराब मानिसहरूको हातमा होलान् । र जनसुरक्षाको काम गरिहेका केही यस्ता कामरेडहरू पनि होलान् जसको जनतामाथि वा पार्टीमाथि भरोसा नहोस् । प्रतिक्रान्तिकारीहरूलाई खोज्नमा तिनीहरूले पार्टी कमिटीहरूको नेतृत्वमा जनताको माध्यमद्वारा काम गर्ने नीति अपनाउँदैनन् बरु केवल गुप्त काम, वा तथाकथित पेशेवर काममाथि भरोसा गर्दछन् । पेशेवर काम आवश्यक छ, प्रतिक्रान्तिकारीहरूसँग लड्नको लागि गुप्त जाँच र सोधपुछ आवश्यक छ । तर सबैभन्दा आवश्यक कुरा हो पार्टी कमिटीको नेतृत्वमा जनदिशाको पालना गर्नु । समग्रतामा प्रतिक्रियावादी वर्गमाथि तानाशाही लागू गर्नमा जनता र पार्टी माथि भरोसा गर्नु अति आवश्यक छ । प्रतिक्रियावादी वर्गहरूमाथि तानाशाहीको अर्थ प्रतिक्रियावादी वर्गका सबै तत्वहरूलाई शारीरिक रूपले समाप्त गर्नु होइन । यसको उद्देश्य हो तिनीहरूलाई नयाँ साँचोमा ढाल्नु, उचित तरिकाले तिनीहरूलाई परिवर्तन गर्नु र नयाँ मानिस बनाउनु । जनताका लागि व्यापक जनवादबिना सर्वहारा वर्गको तानाशाहीलाई सुदृढ गर्नु वा राजनीतिक सत्तालाई स्थायी बनाउनु असम्भव छ । जनवादबिना, जनतालाई जागरुक नबनाई र जनताको रेखदेखबिना प्रतिक्रियावादीहरू र खराब तत्वहरूमाथि प्रभावकारी तानाशाही लागू गर्नु वा तिनीहरूलाई प्रभावकारी तरिकाले परिवर्तन गर्नु असम्भव छ । तिनीहरूले गडबडी उत्पन्न गरिहन्छन् र पुनः सत्तामा फर्कन पनि सक्दछन् । हामीले यस प्रश्नमाथि सतर्कता अपनाइरहनु पर्दछ र मलाई आशा छ कि सबै कामरेडहरूले यसमाथि गहन रूपमा सोच्नुहुनेछ ।

**टिप्पणीहरू :**

१. स्जूमा चिएन (१४५ - ९० ई. पू.) चीनको पहिलो महान् इतिहासकार थिए जसले शिह-चि (ऐतिहासिक अभिलेख) मा चीनको आरम्भकाल देखि त्यससमयसम्मको इतिहासको वर्णन गरेका थिए । उद्धृत पंक्तिहरू त्यस ग्रन्थको परिशिष्टको रूपमा लेखिएको उनको आत्मकथाबाट लिइएको हो ।

२. सियाङ यूको अन्तिम हारभन्दा पहिले युद्धभूमिमा जाँदैगर्दा आफ्नी प्रिय रानी यूसँग बिदा लिने प्रसंगमा आधारित पेकिङ अपेरा । यो प्रसंग शिह-चिमा वर्णित छ ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**खोटाङ यातायात प्रा.लि.**

काठमाडौंबाट- हलेसी,
ऐसेलुखर्क, बाक्सीला, भोजपुर,
ओखलढुंगा, सोलु जानु परेमा
हामीलाई सम्झनुहोस् ।

सम्पर्क–
कोटेश्वर- ०१४६०१६८०
९८५१२४५६८०
चाबहिल- ९८५१२४५६८०
दिक्तेल- ०३६४२०६७३, ०३६४०२०६८०

**रोयल बुईपा A/C जम्बो हाईस**



गाईघाट–लहान–खुर्कोट हुँदै काठमाडौंसम्म

**काठमाडौं सम्पर्क नम्बर**
बसन्त खड्का – ९८४२८३७७९३
– ९८१७७१९६९७
ईन्द्र कट्टेल – ९८१८४१५२९०

**गाईघाट सम्पर्क नम्बर**
फोन नं. ०३५–४२१६४३
पुरुषोत्तम खनाल – ९८५२८३५६९०
– ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**हिमाल-तराई यातायात सेवा समिति**

रिभर्ज चाहिएमा सम्पर्क
सानोभाई थापा - ९८४४२५२३८५

**सानोभाई फलफूल एण्ड जुस भण्डार**
सिन्धुली जुनार भवन
९८४४०७६२६१
९८०३९२८४३०

**टाटासुमो बोलेरो**

| काठमाडौं फोन | सिन्धुली फोन |
| --- | --- |
| ०१–५१००४९४ | ०४७–५२११६९ |
| ९८४११०६९६७ | ०४७–६९१३३२ |
| ९८४४४०३१५९ | ९७४४०२२७३५ |
| यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चाबहिलसम्मको टिकट पाइन्छ । | ९८४४२५२३८५ |
| | ९८१२०७५६९८ |
| | ९८६०१०२७३७ |
| | ९८४४००८४०० |

## आलोपालो

# ओली-प्रचण्ड सरकारको फासिवादी चरित्र उदांगीयो



● दिलबहादुर कठायत ●

यतिवेला हाम्रो पुर्खाले दिएको अनुपम उपहार यो मुलुक अत्यन्तै सङ्क्टमा परिरहेको अवस्थामा यहाँको शासक वर्गले सङ्कटलाई समाधान गर्नुको साटो उल्टै झन देशलाई सङ्कटमा पार्ने काम गरेको छ । नेपालको पश्चिम सिमा कालापानी, लिम्पीयाधुराबाट नेपाली सिमा मिच्दै भारतीय विस्तारवादले पूर्वतर्फ गिद्देनजर लगाइरहेको यो सन्निकट घडिमा यहाँको संसदीय फासिवादी व्यवस्थाका मतियारहरूले कथित उपनिर्वाचन सम्पन्न गरे । तर नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) को निर्णयअनुसार यसको मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालले उक्त नीर्वाचनको चौतर्फी र व्यापक भण्डाफोर गर्दै नयाँ जनवादी क्रान्तिको तयारी गरौं भन्ने महान उद्घोषकासाथ कथित उपनिर्वाचनको वहिष्कार गर्नका लागि देसैभरि सशक्त वहिष्कारको आन्दोलन संचालन गर्दै अगाडि बढ्यो । त्यसै सन्दर्भमा हाम्रो गौरवशाली सङ्गठन क्रान्तिकारी युवा लिग, नेपालले पनि पार्टीले ल्याएको उक्त वहिष्कारको कार्यक्रमलाई आत्मसात् गर्दै जनताका बस्ती बस्तीमा गएर उनीहरूलाई सुसूचित गर्दै अर्थहीनको अव्यावहारिक कथित उपनिर्वाचनमा सहभागी नहुन आह्वान गर्दै आयो ।

त्यसका लागि देशका विभिन्न ठाउँहरूमा कार्यक्रमको आयोजना गरेर सबैलाइ्र अवगत गराउने काम क्रान्तिकारी युवा लिग, नेपालले गऱ्यो । नेपाली भूमिमा भारतीय विस्तारवादले गिद्देनजर लगाउँदै आएकोछ । अब नेपाली भूमिमाथिका उसका गिद्देनजर हेरेर कोहि पनि चुप लागेर नबसौं यो मुलुकको माटो बचाऔं यो देशको स्वाभिमान बचाऔं नागरिकको हक हितकालागि सङ्घर्ष गरौं भन्दै क्रान्तिकारी युवा लिग, नेपालले आवाज उठाउँदै आएको छ । हामीले यहाँका शासकवर्गहरू, जसको नेतृत्व वर्तमानमा ओली प्रचण्ड सरकारले गरिहेको छ, त्यसलाई भन्दै आएका छौ -" ए ! दुइतिहाइको दम्भ र आडम्बर देखाउने शासकहरू हो तिमीलाई आफ्नो मुलुकको कत्तिपनि चिन्ता लाग्दैन । हाम्रा पुर्खाले टिष्टादेखि काँगडासम्म आफ्नो वीरताको कीर्तिमानी कायम गरेका थिए तर तिमीले त लाज मान्नु पर्ने हो । सन् १८१६ को सुगौलीसन्धिदेखि सन् २०१४को बिप्पासम्झौतासम्म र हालको यो घडीसम्म मुलुक कस्तो अवस्थामा छ । धिक्कार छ तिमीहरूलाई ।" यसो भन्दै आँउदा यो शासकवर्गले हाम्रा शान्तिपूर्ण कार्यक्रमहरूमा आफ्नो फासिवादी असली अनुहार प्रदर्शन गरेको छ, जो प्रदेश नं. ५को दाङ जिल्लाको हापुरेमा, बाँकेको कोहलपुरमा, उपत्यकाको भक्तपुरमा, उता दोलखा र सुनसरीको धरानआदिमा भएका शान्तिपूण कार्यक्रममाथि दमन र धरपकड गऱ्यो र हाम्रो गौरवशाली सङ्गठन क्रान्तिकारी युवा लिग, नेपालले त्यसलाई निष्काम तुल्याउन सफल भएको छ । देशैभरीका कार्यक्रमहरू सान्दा पमा सम्पनून गरिएपछि ओली-बादलले आफ्ना फासिवादी हर्कतहरू रोकेनन । देशका सबै ठाउँहरूमा क्रान्तिकारी योद्धाहरूलाई उनीहरूले धरपकट गर्ने, जेल हाल्ने, मुद्दा लगाउनेजस्ता आफ्ना असली अनुहार प्रदर्शन गर्दै गए । त्यसको चौतर्फी विरोध पछि नपुंसक राज्यसत्ताले गिरफ्तारनेता, कार्यकर्तालाई रिहाइ गर्न बाध्य भयो । तर देसको एक ठाउँ सल्यान जिल्लामा गिरफ्तार देजमोका केनद्रीय सदस्यहरू चक्रपाणि शर्मा र दिपकबहादुर शाही सल्यान जिल्ला पार्टी पार्टी नेताहरू भक्तबहादुर शाह र नवीनलाई सार्वजनिक मुद्दा चलाउने दुस्शाहस गऱ्यो । उहाँहरूलाई हतकडी समेत लगाउन पछि परेन । रामबहादुर थापा बादलको नेतृत्वको प्रहरी प्रशासनले लाजै मानेन कि एउटा देशका लागि लड्ने र आवश्यक पर्दा आफ्नो ज्यानै दिने योद्धाहरूलाइ अमानवीय तरिकाले धरपकड गरेर उनीहरूलाई हतकडी समेत लगाउनु कति सम्म अन्यायपूर्ण थियो ।

तर चौतर्फी दबाबका बाबजुद करिब ७ दिनको हिरासत बसाइपछि रातको ९ बजे उहांहरूलाई छाड्न बाध्य भयो ।

राष्ट्रको हितको लागि लड्ने योद्धाहरूलाइ जेल हाल्ने, हतकडी लगाउने, यातना दिने जनतामा आतङ्क फैल्याउने,अत्याचार गर्ने, नपुंसक सरकार अब धेरै दिन टिक्ने वाला छैन । इतिहासलाई हेर्दा हालसम्म कुनै पनि व्यवस्था सर्वकालिन रहका छैनन् र यो कथित फासिवाद- उन्मुख दलाल संसदीय व्यवस्था रहने वाला छैन । यसको अन्त्येष्टि अझ छिटो आउँदै छ र हुञ्छ । हामीलाई राम्रोसङ्ग अनुभव छ जहाँ दमन हुञ्छ त्यहाँ प्रतिरोध हुञ्छ । जहाँ प्रतिरोध हुञ्छ त्यहाँ विस्फोट हुञ्छ । यो आन्दोलनको नियम हो । विज्ञानको नियम हो, तर हामी निराश हैन झन सशक्त र जुझारु भएर निस्किदै छौं । अब यो मुलुकमा एउटा नयाँ खालको आँधिबेहेरी सृष्टि गर्न तयारीमा छौं । यो सिङ्गो धरतिलाई सिँगार्न चाहाञ्छौं । यिनी शासकहरूको अन्याय, अत्याचार, दमन, कुसंस्कार हाम्रा भावी सन्ततिहरूले भोग्नु नपरोस त्यसैले हामी कठिन सङ्घर्ष गरेर भएपनि नयाँ क्रान्तिको आँधि तुफान ल्याउँदै छौं । यसको व्यापकरूपमा हामी युद्धस्तरबाट तयारी गर्दैछौं । हामी खुलेआम यि शासकहरूलाई चेतावनी दिन चाहञ्छौं । सर्वहारावर्गको जित सुनिश्चित छ । हाम्रो हत्कडी, खुट्टामा नेल र आँखामा लगाएका पट्टी त एउटा क्रान्तिकारीहरूका लागि गहना हुन् । बाटो जस्तोसुकै कठिन र पीडादायी भएपनि क्रान्तिको भविष्य उज्जवल छ ।

## अखिल...


अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी

गराउन ज्ञापनपत्र बुझाइएको हो ।

त्यस्तै दार्चुलाको कालापानी लिपुलेक लिम्पियाधुरा लगायतका भूभाग भारतले हस्तक्षेप गरेको बिरोधमा समेत प्रदेश सरकारलाई ज्ञापनपत्र बुझाएको अखिल नेपाल किसान महासंघ क्रान्तिकारीका सुदुरपश्चिम प्रदेश संयोजक टंक कोइरालाले जानकारी दिनुभयो । ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री भट्टले किसानका बारेमा प्रदेश सरकारले नीति तथा कार्यक्रम बनाइरहेको, सिमाको बिषयमा प्रदेश सरकारले कुटनीतिक रूपमा पहल गरी सिमा समाधान गर्न केन्द्र सरकारलाई सुझाब दिएको बताए ।

ज्ञापनपत्र बुझाउने कार्यक्रममा सहभागी नेकपा क्रान्तिकारी माओवादी सुदुरपश्चिम प्रदेश संयोजक अनुकूल, अखिल नेपाल किसान महासंघ क्रान्तिकारीका केन्द्रीय अध्यक्ष सिताराम तमाङ, अखिल नेपाल किसान महासंघका सचिव धनेश्वर पोखरेललगायतका किसान नेताहरूको सहभागिता रहेको थियो ।

## सीमा...

गर्दै प्रमुख अतिथि अखिल नेपाल किसान महासंघ क्रान्तिकारीका केन्द्रीय अध्यक्ष सिताराम तमाङले सबै देशभक्त नेपाली, किसन मजदुर न्यप्रेमि जनसमुदायहरू राष्ट्रिय स्वाधिनताको रक्षाको लागि अव एक हुनुपर्ने बताए पटक पटक भारतिय बिस्तावादीले नेपाल माथी सिमा बिवाद गर्दै आएको र अहिले नेपालको कालापानी, लिपुलेक ,लिम्पीयाधुरा लगायत अतिक्रमित भुमी फिर्ता गर्नको लागि सबैको साथ रसहयोग आवश्क रहेको बताउनुभयो । हामिले बिगत केहि बर्ष देखि कालापानीको बिषयमा बैल्दै आएकाछौ अव सरकारले कुटनितिक रूपमा पहल नगरे हाम्रो पार्टी नेकपा क्रान्तिकारी माआवादी पार्टीले बुहत किसिमको आन्दोलन गर्ने बताउनुभयो । बिरोध सभा कार्यक्रममा प्रमुख अतिथि अखिल नेपाल किसान महासंघ क्रान्तिकारीका केन्द्रीय अध्यक्ष सिताराम तमाङ, अतिथि नेकपा क्रान्तिकारी माओवादी सुदुरपश्चिम प्रदेश इन्चार्ज अनुकूल अतिथि अखिल नेपाल किसान महासंघका सचिव धनेश्वर पोखरेल, नेकपा क्रान्तिकारी माओवादी सुदुरपश्चिम प्रदेश सेक्रेटरी चिन्तक अतिथि देजमो प्रदेश संयोजक बिष्णु राम दमाई, अखिल क्रान्तिकारीका केन्द्रिय सदस्य पुष्कर जोशी लगायतका क्रान्तिकारी माओवादी नेता कार्यक्रर्ता तथा क्रान्तिकारी किसान नेताहरूको सहभागिता रहेको थियो।

कार्यक्रमको सञ्चालन अखिल नेपाल किसान महासंघ क्रान्तिकारी कैलाली जिल्लाका अध्यक्ष हरि राम रानाले गरेका थिए । कार्यक्रममा हजारौ युवा हरूको सहभागिता रहेको थियो ।

## मुख्यमन्त्रीले...

त्यसैगरी नेपाली भूमिमा रहेको भारतीय सुरक्षाकर्मी पनि तत्काल फिर्ता गराउन माग गरिएको छ । देशभक्त जनगणतान्त्रिक मोर्चा प्रदेश ४ ले मुख्य मन्त्री मार्फत प्रधानमन्त्री केपी शर्मा वलीलाई ज्ञापन पत्र बुझाएको हो ।

## फासिवादी...

जारी गरेको वक्तव्यमा भनिएको छ, 'उप-प्रधानमन्त्रीद्वारा अनुमति प्रदान गरिएको प्रतिनिधि मण्डलको भेटघाटको कार्यक्रममा यसरी सरकारद्वारा गरिएको निर्मम फासीवादी दमन, लाठी चार्ज र गिरफ्तारीको हाम्रो पार्टी जोडदार विरोध तथा भर्त्सना गर्दछ । यो देशभक्त नेपालीहरूका लागि अति संवेदनशील तथा दुर्भाग्यपूर्ण परिघटना हो ।'

वक्तव्यमा अगाडि भनिएको छ, 'हाम्रो पार्टी गिरफ्तार गरिएका नेता तथा कार्यकर्ताहरूको अविलम्ब रिहाइ र घाइते तुल्याइएका नेता तथा द्वय क. पवनमान श्रेष्ठ तथा क. सुरेश श्रेष्ठ, सीसीएमहरू क. दीपक शाही, क. हरिकृष्ण गजुरेल, क. फुर्नाम्गेल मोक्तान, क. वसन्त बोगटी लगायत क. खगेन्द्र छन्त्याल, क. पद्म भण्डारी, क. सुन्दर श्रेष्ठ, क. मीन प्रसाद गिरी, क. नरेन्द्र कार्की, क. अमित योञ्जन सहित पार्टी तथा मोर्चाका १५ जना भन्दा बढी नेता तथा कार्यकर्तालाई महेन्द्र पुलिस क्लवमा हिरासतमा राखिएको छ । लाठी चार्जका क्रममा पार्टीका पीबीएम क. दिनेश शर्मा तथा क. सुरेश श्रेष्ठ, सीसीएम क. शारदा महत, महिला नेतृ क. सुनीता बोगटी लगायत पार्टी र मोर्चाका दर्जन भन्दा बढी नेता तथा कार्यकर्ताहरूलाई



*गिरफ्तारीको विरुद्ध विश्वभाषा क्याम्पस अगाडि टायर बालेर विरोध प्रदर्शन गर्दै क्रान्तिकारी विद्यार्थी*

कार्यकर्ताहरूको उपचारका लागि सरकारसंग जोडदार माग गर्दछ । राष्ट्रिय स्वाधीनताको हाम्रो आन्दोलन निरन्तर जारी छ र रहने छ ।'

**यस्तो छ वक्तव्यको पूर्णपाठः**

'आज मिति २०७६ पौष १३ गते अपरान्ह देशभक्त तथा जनगणतान्त्रिक मोर्चा, नेपालको आयोजनामा भारतद्वारा लिम्पियाधुरा, कालापानी, लिपुलेक क्षेत्रलाई भारतमा गाभी तयार पारिएको नयाँ नक्सा लगायत राष्ट्रिय स्वाधीनताका विषयमा ज्ञापनपत्र दिन उप-प्रधानमन्त्रीको स्वीकृति अनुसार सिंहदरवारमा जाने क्रममा भाटभटेनी सुपरमार्केट क्षेत्रमा नेपाल सरकारका प्रहरीहरूद्वारा अन्धाधुन्ध लाठीचार्ज गरी कार्यक्रममाथि अवरोध खडा गरियो । यस क्रममा कैयौंलाई गंभीर रूपमा घाइते बनाइयो र कैयौंलाई गिरफ्तार गरियो । गिरफ्तार हुनेमा हाम्रो पार्टीका स्थायी समिति सदस्य द्वय तथा देशभक्त तथा जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष क. सीपी गजुरेल र महासचिव क. परिथापा, पार्टीका पीविएम गम्भीर रूपमा घाइते तुल्याइएको छ । उप-प्रधानमन्त्रीद्वारा अनुमति प्रदान गरिएको प्रतिनिधि मण्डलको भेटघाटको कार्यक्रममा यसरी सरकारद्वारा गरिएको निर्मम फासीवादी दमन, लाठी चार्ज र गिरफ्तारीको हाम्रो पार्टी जोडदार विरोध तथा भर्त्सना गर्दछ । यो देशभक्त नेपालीहरूका लागि अति संवेदनशील तथा दुर्भाग्यपूर्ण परिघटना हो । हाम्रो पार्टी गिरफ्तार गरिएका नेता तथा कार्यकर्ताहरूको अविलम्ब रिहाइ र घाइते तुल्याइएका नेता तथा कार्यकर्ताहरूको उपचारका लागि सरकारसंग जोडदार माग गर्दछ । राष्ट्रिय स्वाधीनताको हाम्रो आन्दोलन निरन्तर जारी छ र रहने छ ।'

भर्खरै प्राप्त समाचारअनुसार गिरफ्तारीका विरुद्ध पार्टीका जबसहरूबाट महेन्द्र पुलिस क्लब अगाडि विरोध जुलुस गरिरहेका छन् भने क्रान्तिकारी विद्यार्थीहरूले क्याम्पस अगाडि टायर बालेर गिरफ्तारको विरोध गरिरहेका छन् ।












**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।